प्रमुख सचिव

# प्रदेश स्वास्थ्य नीति-२०८२

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कोशी प्रदेश
विराटनगर, नेपाल

प्रदेश सरकार

**स्वास्थ्य मन्त्रालय**

कोशी प्रदेश, नेपाल

प्रदेश सचिव

प्रमुख सचिव

# विषयसूची


१. पृष्ठभूमि ........ १
२. विद्यमान स्थिति ........ १
३. समस्या, चुनौती र अवसर ........ ४
   ३.१. समस्या ........ ४
   ३.२. चुनौती ........ ४
   ३.३. अवसर ........ ५
४. औचित्य र निर्देशक सिद्धान्त ........ ६
   ४.१. औचित्य ........ ६
   ४.२. निर्देशक सिद्धान्त ........ ७
५. भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्य ........ ७
   ५.१. भावी सोच ........ ७
   ५.२. ध्येय ........ ७
   ५.३. लक्ष्य ........ ८
   ५.४. उद्देश्य ........ ८
६. नीति तथा रणनीतिहरु ........ ८
७. संस्थागत व्यवस्था ........ ३१
८. वित्तीय स्रोत ........ ३१
९. अनुगमन तथा मूल्याङ्कन ........ ३२
१०. जोखिम ........ ३२
११. नीति संशोधन र परिमार्जन ........ ३२


मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर, नेपाल

प्रदेश सचिव

प्रमुख सचिव

## १. पृष्ठभूमि

नेपालको संविधानले संघीय लोकतान्त्रिक प्रणाली अन्तर्गत संघ, प्रदेश, र स्थानीय तहको संरचनागत व्यवस्था गरेको छ। यसले स्वास्थ्यलाई मौलिक हकको रूपमा स्थापित गर्दै सम्पूर्ण नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा प्राप्त हुने व्यवस्था गरेको छ। विद्यमान संघीय शासन प्रणालीमा स्वास्थ्य सेवाका संरचना तीनै तहमा विभाजित छन्। संविधानप्रदत्त स्वास्थ्य अधिकार र दायित्वलाई सुनिश्चित गर्ने जिम्मेवारी बोकेको कोशी प्रदेश सरकारद्वारा विगतका उपलब्धिलाई कायम राख्दै गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको सहज पहुँचलाई प्राथमिकतामा राखिएको छ।

संविधानले निर्धारण गरेका स्वास्थ्य क्षेत्रका एकल र साझा अधिकार, दिगो विकास लक्ष्य, अन्तर्राष्ट्रिय प्रतिबद्धता र स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा साकार पार्न तथा प्रदेशभित्रका विद्यमान, सम्भावित, उदीयमान र पुनः उदीयमान रोग तथा स्वास्थ्य चुनौतीहरू समाधान गर्न प्रदेश स्वास्थ्य नीति, २०८२ तर्जुमा गरिएको हो। यस नीतिले स्वास्थ्य क्षेत्रको रणनीति र कार्य योजनालाई समेत दिशानिर्देश गर्नेछ।

## २. विद्यमान स्थिति

विगतमा भएका प्रयासहरूको नतिजा स्वरूप प्रदेशका नागरिकहरूको समग्र स्वास्थ्य अवस्थामा सुधार हुँदै आएको पाइन्छ। तथापि, स्वास्थ्य सम्बन्धी विभिन्न महत्वपूर्ण सूचकाङ्कको विश्लेषण गर्दा नागरिकको स्वास्थ्य अवस्थामा थप सुधार ल्याउन सशक्त कार्यक्रम तथा सेवाको अपरिहार्यता देखिन्छ। कोशी प्रदेशको मातृ मृत्यु अनुपात १५७ प्रतिलाख जीवित जन्म रहेको छ, जुन राष्ट्रिय औसतभन्दा उच्च रहेको छ। यसैगरी पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर तथा नवजात शिशुको मृत्युदरमा पनि आशातीत उपलब्धि हुन नसकेको अवस्था छ। कोशी प्रदेशको संस्थागत प्रसूति दरमा सुधार हुँदै राष्ट्रिय औसतभन्दा माथि रहेको भए तापनि सबै गर्भवती महिलाले स्वास्थ्य संस्थामा प्रसूति गराउने वातावरण अझै सुनिश्चित हुन सकेको छैन। पोषण सम्बन्धी सूचकाङ्कहरूमा धेरै सुधार हुँदै गएको भएतापनि पूर्णरुपमा प्रदेशमा कुपोषणको समस्यालाई न्यूनीकरण गर्न सकिएको छैन। अर्कोतर्फ विभिन्न सरुवा रोगहरूको समस्या यथावत रहिरहँदा नसर्ने रोग तथा मानसिक रोग जस्ता उदीयमान स्वास्थ्य समस्याहरू पनि कोशी प्रदेशमा थपिएका छन् भने राष्ट्रिय मानसिक स्वास्थ्य सर्वेक्षण (२०२०) अनुसार कोशी प्रदेशमा मानसिक स्वास्थ्य समस्याहरू अन्य प्रदेशहरूको तुलनामा उच्च रहेको पाइएको छ। यस सर्वेक्षणका अनुसार, मानसिक रोगको व्यापकता १३.९%, किशोरावस्थामा मानसिक रोग ११.४%, मद्यपानको लत ६.५%, लागू औषधको दुर्व्यसन ०.४%, र आत्महत्याको सोचको व्यापकता १०.६% रहेको छ।

प्रदेश सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

कोशी प्रदेशको महत्वपूर्ण स्वास्थ्य सूचकहरूको अवस्था तालिका १ मा प्रस्तुत गरिएको छः

तालिका १

कोशी प्रदेशको महत्वपूर्ण स्वास्थ्य सूचकहरूको अवस्था

| क्र. स. | सूचक | वर्तमान अवस्था | | स्रोत |
|---|---|---|---|---|
| | | नेपाल | कोशी प्रदेश | |
| १ | औसत आयु | ७१.३ | ७०.४ | CENSUS 2078 projections, 2019 |
| २ | कुल प्रजनन दर | २.१. | २.२ | NDHS 2022 |
| ३ | मातृ मृत्यु अनुपात (प्रतिलाख जीवित जन्ममा) | १५१ | १५७ | Maternal mortality study 2021 |
| ४ | प्रतिहजार किशोरी महिलाहरूमध्ये बच्चा जन्माउने दर (%) | ९.६ | १०.९ | NDHS 2022 |
| ५ | ५ वर्ष मुनिका बालबालिकाको मृत्युदर (प्रति हजार जीवित जन्ममा) | ३३ | ३४ | NDHS 2022 |
| ६ | शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) | २८ | २८ | NDHS 2022 |
| ७ | नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) | २१ | २० | NDHS 2022 |
| ८ | पूर्ण खोप पाउने बच्चाहरूको प्रतिशत | ८० | ८०.८ | NDHS 2022 |
| ९ | संस्थागत प्रसूति दर (%) | ७९ | ८२ | NDHS 2022 |
| १० | परिवार नियोजनका साधन प्रयोग दर (%) | ५७ (४३) | ६१.५ (४३.५) | CPR (mCPR) NDHS 2022 |
| ११ | पाँच वर्ष मुनिका बालबालिकाहरूमा पुड्कोपना (%) | २५ | २० | NDHS 2022 |
| १२ | पाँच वर्ष मुनिका बालबालिकाहरूमा ख्याउटेपन (%) | ८ | ३.८ | NDHS 2022 |
| १३ | पाँच वर्ष मुनिका बालबालिकाहरूमा कम तौल (%) | १८.७ | १३ | NDHS 2022 |

प्रमुख सचिव

| | | | | |
|---|---|---|---|---|
| १४ | ६-५९ महिनाका बालबालिकामा रक्त अल्पता (%) | ४३ | ३४ | NDHS 2022 |
| १५ | १५-४९ वर्षका प्रजनन उमेरका महिलामा रक्त अल्पता (%) | ३४ | २८ | NDHS 2022 |
| १६ | १५ देखि ६९ वर्ष उमेर समूहमा उच्च रक्तचाप (%) | २४.५ | २६.६ | STEPS survey 2019 |

### तालिका २
### नसर्ने रोगबाट हुने मृत्यु र स्वास्थ्यमा हुने व्यक्तिगत खर्च सम्बन्धी राष्ट्रिय अवस्था*

| | | | |
|---|---|---|---|
| १ | १५-४९ उमेर समूहमा Ischemic Heart Disease बाट हुने मृत्यु (%) | ९.३ | GBD Estimates, 2019 |
| २ | १५-४९ उमेर समूहमा मस्तिस्कघात बाट हुने मृत्यु (%) | ३.५ | |
| ३ | १५-४९ उमेर समूहमा दीर्घकालीन मृगौलाको रोग बाट हुने मृत्यु (%) | २.३ | |
| ४ | १५-४९ उमेर समूहमा मधुमेह बाट हुने मृत्यु (%) | १.६ | |
| ५ | १५-४९ उमेर समूहमा दीर्घ श्वासप्रश्वास रोग बाट हुने मृत्यु (%) | १.९ | |
| ६ | १५-४९ उमेर समूहमा आत्महत्या द्वारा हुने मृत्यु (%) | १०.२ | |
| ७ | १५-४९ उमेर समूहमा सडक दुर्घटना द्वारा हुने मृत्यु (प्रतिशत) | ४.६ | |
| ८ | १५-४९ उमेर समूहमा क्षयरोग बाट हुने मृत्यु (%) | ५.८ | |
| ९ | १५-४९ उमेर समूहमा LRTI बाट हुने मृत्यु (%) | १.६ | |
| १० | १५-४९ उमेर समूहमा कलेजो सम्बन्धी रोग बाट हुने मृत्यु (%) | ७.७ | |
| ११ | १५-४९ उमेर समूहमा महिलाहरूमा हुने स्तन क्यान्सर बाट हुने मृत्यु (%) | २.६ | |
| १२ | १५-४९ उमेर समूहमा महिलाहरूमा हुने पाठेघरको मुखको क्यान्सर बाट हुने मृत्यु (%) | ३.० | |
| १३ | १५-४९ उमेर समूहमा महिलाहरूमा दम रोग बाट हुने मृत्यु (%) | २.४ | |

मुख्यमन्त्री प्रदेश सरकार ...को कार्यालय

सचिव

| | | | |
|---|---|---|---|
| १४ | Out of Pocket Expenditure (OOPE) (%) | ५४ | MoHP- NHA 2019/20 |

*Global Burden of Diseases Estimates, २०१९, राष्ट्रिय स्वास्थ्य लेखा प्रतिवेदन २०१९

## ३. समस्या, चुनौती र अवसर

### ३.१. समस्या

(क) सर्व सुलभ र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाका लागि पर्याप्त र व्यवस्थित पूर्वाधार नहुनु।

(ख) प्रदेश तहका अस्पतालबाट कतिपय सेवाहरू गुणस्तरीय रूपमा प्रवाह हुन नसक्नु।

(ग) स्वास्थ्य क्षेत्रको आवश्यकता अनुसार पर्याप्त जनशक्तिको दरबन्दी नहुनु र उपलब्ध जनशक्तिको समेत उचित व्यवस्थापन हुन नसक्नु।

(घ) स्वास्थ्य क्षेत्रमा आवश्यकता अनुसार पर्याप्त र उचित लगानी हुन नसक्नु।

(ङ) स्रोत साधनको परिचालनमा भौगोलिक विविधता तथा बदलिँदो जनसाङ्खिक परिस्थिति अनुसार प्राथमिकीकरण गर्न नसक्नु।

(च) विशेषज्ञ चिकित्सकीय सेवा र सघन उपचार सेवा विस्तार हुन नसक्नु।

(छ) पाँच वर्षमुनिका एक तिहाइ बालबालिकामा रक्त अल्पता र प्रजनन उमेरका महिलामा न्यून पोषणको समस्या व्याप्त हुनु।

(ज) राष्ट्रियस्तरको अनुपातमा प्रदेशको मातृ मृत्यु अनुपात बढी हुनु साथै प्रजनन रुग्णताको यथोचित सम्बोधन हुन नसक्नु।

(झ) ज्येष्ठ नागरिकको स्वास्थ्य, वंशाणुगत तथा जन्मजात रोग, वातावरणीय स्वास्थ्य समस्या यथोचित सम्बोधन हुन नसक्नु।

(ञ) क्षयरोग, कुष्ठ रोग, उपेक्षित उष्णप्रदेशीय रोग तथा कीट जन्य रोगको सङ्क्रमण दर प्रदेशमा उच्च हुनु।

(ट) क्यान्सर, श्वास प्रश्वास सम्बन्धी दीर्घ रोगहरू, मधुमेह, उच्च रक्तचाप, मुटु रोग लगायतका नसर्ने रोगहरूको प्रकोप बढ्दै जानु साथै आत्महत्या, मानसिक रोगको व्यापकता राष्ट्रिय औसत भन्दा बढी हुनु।

(ठ) तथ्यपरक अध्ययनमा आधारित योजना तर्जुमा तथा छनौट हुन नसक्नु।

(ड) संघीय संरचनामा स्वास्थ्य सेवा प्रवाहका लागि विभिन्न तहहरू बीच प्रभावकारी समन्वय र सहकार्य स्थापित हुन नसक्नु।

### ३.२. चुनौती

(क) उपलब्ध स्रोत साधनको परिचालन गरी स्वास्थ्य क्षेत्रका राष्ट्रिय र अन्तर्राष्ट्रिय लक्ष्यहरू हासिल गर्नु।

(ख) स्वास्थ्य बीमा कार्यक्रमलाई विश्वसनीय, भरपर्दो र नियमित रूपमा सञ्चालन गरी यसको दायरा बढाई सीमान्तकृत र पिछडिएका वर्गको आबद्धता बढाउनु।

(ग) पर्याप्त अध्ययन अनुसन्धान गरी जलवायु परिवर्तन र बढ्दो सहरीकरणले गर्दा स्वास्थ्यमा पर्ने असरहरूको उचित सम्बोधन गर्नु।

(घ) महिला बालबालिका तथा वृद्धवृद्धाहरूमा हुने सूक्ष्म पोषकतत्वको कमीलाई न्यूनीकरण गर्नु।

(ङ) खुला सीमा नाका भएकाले सरुवा रोग तथा किट जन्य रोगहरूको बढ्दो प्रकोप न्यूनीकरणका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु।

(च) गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा उपलब्ध गराउन स्थानीय तहको एकरूपता कायम गराउनु।

(छ) स्वास्थ्यलाई नागरिकको मौलिक हकको रूपमा स्थापित गर्न निजी क्षेत्रबाट प्रवाह भइरहेका स्वास्थ्य सेवालाई सेवामूलक बनाउँदै मौजुदा स्वास्थ्य सेवा प्रणालीमा मूलप्रवाहीकरण गर्नु।

(ज) स्वास्थ्य सेवामा निजी क्षेत्रको संलग्नता र सेवा सम्बन्धी प्रभावकारी नियमन गर्नु।

(झ) स्वास्थ्य उपचारका लागि हुने उच्च व्यक्तिगत व्ययभारलाई न्यूनीकरण गर्नु।

(ञ) विपद् र महामारीको समयमा निरन्तर स्वास्थ्य सेवा प्रवाह गर्न सक्ने उत्थानशील स्वास्थ्य प्रणालीको विकास गर्नु।

(ट) स्वास्थ्य संस्थामा निर्धारित निःशुल्क औषधि, औजार र उपकरणको उपलब्धता सुनिश्चित गर्नु।

(ठ) दुर्गम क्षेत्रमा विशेषज्ञ तथा दक्ष स्वास्थ्य कर्मीलाई दिगो रूपमा व्यवस्थापन गर्न सक्नु।

(ड) स्वास्थ्यलाई विकासको महत्वपूर्ण मुद्दाको रूपमा स्थापित गरी स्वास्थ्य क्षेत्रमा पर्याप्त स्रोत र लगानीको सुनिश्चितता गर्नु।

(ढ) बहुक्षेत्रीय समन्वय र सहकार्यमा स्वास्थ्यका वृहत् तथा महत्वपूर्ण निर्धारकहरूलाई सम्बोधन गर्नु।

(ण) सबै तहमा सुशासन कायम गरी नागरिक केन्द्रित गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गर्नु।

### ३.३. अवसर

(क) संविधानद्वारा मौलिक हकको रूपमा स्थापित स्वास्थ्य सेवालाई प्रदेशको एकल तथा साझा अधिकारका रूपमा निर्धारण गरिएको।

(ख) स्वास्थ्य क्षेत्रमा उच्च राजनैतिक प्रतिबद्धता रहेको साथै प्रदेश तथा स्थानीय तहमा ऐन, कानुन निर्माण, स्रोत पहिचान, परिचालन र व्यवस्थापन गर्ने अधिकार समेत रहेको।

प्रमुख सचिव

प्रदेश सचिव

(ग) संघीयतामा स्वास्थ्य प्रणालीलाई विकेन्द्रित नेतृत्व र सुशासनको माध्यमबाट तथ्यमा आधारित योजना र बजेट तर्जुमा गर्दै स्वास्थ्य संरचनालाई सुदृढ बनाउने अवसर प्राप्त भएको।

(घ) कार्यसम्पादनका आधारमा कर्मचारीलाई प्रोत्साहन तथा सजायको व्यवस्था गर्न सकिने, स्थानीय स्तरबाट कार्यान्वयन तथा अनुगमन प्रभावकारी हुने र समुदायको संलग्नता अभिप्रेरित गर्न सकिने अवसर रहेको।

(ङ) स्थानीय स्तरमा उपलब्ध पोषणयुक्त खाद्य उत्पादन र जडीबुटीहरूको संरक्षण एवं सम्बर्द्धन गरी प्रतिरोधात्मक र उपचारात्मक सेवामा उपयोग गर्न सकिने अवस्था रहेको।

(च) स्वास्थ्य क्षेत्रमा सामाजिक उत्तरदायित्व वहन गर्ने कार्यमा गैह्र सरकारी तथा निजी क्षेत्रलाई समेत सहभागी गर्न सकिने व्यवस्था भएको।

(छ) प्रदेश स्तरमा चिकित्सा शास्त्रको उच्च शिक्षा र जनशक्ति उत्पादनका लागि आवश्यक पूर्वाधारहरू क्रमिक रूपमा विकसित हुँदै गएको र आवश्यक जनशक्ति उत्पादनका लागि विश्वविद्यालय तथा शैक्षिक प्रतिष्ठानसँग समन्वय गर्न सकिने।

(ज) प्रदेशमा स्वास्थ्य पर्यटनको उच्च सम्भावना रहेको।

(झ) द्रुत गतिमा भइरहेको भौतिक पूर्वाधार विकास तथा सडक सञ्जालनको विस्तारले स्वास्थ्य सेवाहरूको पहुँच बढाउन तथा प्रेषण प्रक्रियालाई सहज बनाउन मद्दत गरेको।

(ञ) सूचना प्रविधिमा भएको द्रुत विकासले स्वास्थ्य सेवा प्रवाहको अभिलेख, प्रतिवेदन गर्ने कार्यलाई सहज एवं पारदर्शी बनाउने अवसर प्रदान गरेको साथै टेलिमेडिसिन सेवाको विस्तार गरी दुरदराजका जनसमुदायमा विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गर्ने वातावरण निर्माण भएको।

(ट) विद्यालय नर्सिङ्ग कार्यक्रमको प्रभावकारिता बढेसँगै समुदाय स्तरबाट गर्न सकिने वृहत् जनस्वास्थ्य प्रवर्द्धनका कार्यक्रमहरूलाई मानव जीवनको प्रारम्भिक चरणदेखि नै लागु हुने गरी विस्तार गर्न सहज भएको।

## ४. औचित्य र निर्देशक सिद्धान्त

### ४.१. औचित्य

नेपालको संविधान २०७२ ले तोकेको तहगत सरकारहरूको अधिकार सूची, संघीय नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य, नेपालले गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता, र प्रदेशमा विद्यमान स्वास्थ्य क्षेत्रका समस्या तथा चुनौतीहरूको विश्लेषणका आधारमा कोशी प्रदेशको स्वास्थ्य क्षेत्रका प्राथमिकता निर्धारण गरिएको छ। यी प्राथमिकताहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्न प्रदेशको अधिकार क्षेत्रभित्र रहेका स्वास्थ्य सेवा र पोषणसम्बन्धी प्रादेशिक नीतिको तर्जुमा गरिएको हो।

यो नीति संघीय संरचनाअनुसार सरकारहरू बीचको अधिकार र जिम्मेवारीको बाँडफाँटलाई समन्वय गर्दै, नागरिकको स्वास्थ्य प्रति प्रदेश सरकारको प्रतिबद्धतालाई लिखित रूपमा प्रस्तुत गर्न र गुणस्तरीय, प्रभावकारी, तथा विश्वसनीय स्वास्थ्य सेवामा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्न तयार गरिएको हो।

राष्ट्रिय स्वास्थ्य नीति र प्रदेश तहमा तर्जुमा भएको स्वास्थ्य सम्बन्धी कानून, स्वास्थ्य क्षेत्रका अधिकार र उद्देश्य पूरा गर्न पर्याप्त नरहेको कारणले समेत यो नीति तर्जुमा गर्नु अपरिहार्य भएको हो। यो नीतिले कोशी प्रदेशको स्वास्थ्य क्षेत्र रणनीति, कार्यक्रम र सेवाहरूको निर्धारण, व्यवस्थापन, तथा सञ्चालन गर्न मार्गनिर्देशन प्रदान गर्नेछ।

### ४.२. निर्देशक सिद्धान्त

प्रदेश स्वास्थ्य नीतिका निर्देशक सिद्धान्तहरू देहाय बमोजिम रहेका छन्।

(क) स्वास्थ्यमा सर्वव्यापी पहुँचको सुनिश्चितता।

(ख) गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्नका लागि स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि।

(ग) मेरो स्वास्थ्य, मेरो जिम्मेवारीको अवधारणा अभिवृद्धि।

(घ) जनमुखी, सुशासन, जबाफदेही, परिणाम मुखी स्वास्थ्य सेवा तथा पेशागत आचरण प्रति प्रतिबद्धता।

(ङ) निजी, गैह्र सरकारी, अन्तर सरकारी समन्वय र सहकार्य मार्फत समता मूलक स्वास्थ्य सेवा।

(च) सीमान्तकृत र पिछडिएका समुदायका लागि विशेष स्वास्थ्य सेवा।

(छ) उत्थानशील स्वास्थ्य प्रणाली मार्फत विपद् तथा उदीयमान स्वास्थ्य समस्याहरूको उचित सम्बोधन।

## ५. भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्य

### ५.१. भावी सोच

स्वस्थ मानव पुँजी, समृद्ध प्रदेश।

### ५.२. ध्येय

प्रदेशका सबै नागरिक शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील जीवन यापन गर्न सक्षम हुने ।

प्रमुख सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश विराटनगर, नेपाल

प्रदेश सचिव

प्रमुख सचिव

### ५.३. लक्ष्य

मानव स्वास्थ्यमा पर्याप्त लगानी गरी उत्थानशील, न्यायसँगत एवं जबाफदेही स्वास्थ्य प्रणाली मार्फत स्वस्थ मानव पुँजी निर्माण गर्ने।

### ५.४. उद्देश्य

(क) स्वास्थ्य सेवाको विस्तार र सबलीकरण गर्दै क्रमिक रूपमा स्वास्थ्यमा सर्वव्यापी पहुँचको अन्तर्राष्ट्रिय, राष्ट्रिय र प्रादेशिक लक्ष्यहरू हासिल गर्नु।

(ख) पहुँच नपुगेका सीमान्तकृत, विपन्न र दुर्गम भेगका समुदायमा स्वास्थ्य सेवाको उपभोग सुनिश्चित गर्नु।

(ग) प्रादेशिक संरचना अनुरूप सबै किसिमका स्वास्थ्य प्रणालीलाई विकास, विस्तार र सुधार गर्नु।

(घ) जनउत्तरदायी, जबाफदेही र जनमुखी स्वास्थ्य प्रणालीको माध्यमबाट औषधि, उपकरण र दक्ष स्वास्थ्य कर्मीको अविच्छिन्न उपलब्धता सुनिश्चित गर्दै सबै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु।

(ङ) स्वास्थ्य क्षेत्रमा सरकारी, निजी, सामुदायिक, सहकारी, गैह्र सरकारी क्षेत्रबाट लगानी अभिवृद्धि गर्दै सामाजिक स्वास्थ्य सुरक्षा पद्धतिलाई सुदृढ गर्नु।

(च) महामारी र विपद्को अवस्थामा प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न सक्ने तथा उदीयमान स्वास्थ्य समस्याहरूको सम्बोधन हुने उत्थानशील स्वास्थ्य सेवा प्रणाली स्थापित गर्नु।

## ६. नीति तथा रणनीतिहरू

### ६.१. जनमुखी एवं गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच पुर्याउन संरचनात्मक विकास तथा सुधार गरी सेवाको विस्तार गरिनेछ।

६.१.१. आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रवाह गर्न संघ तथा स्थानीय तहसँगको समन्वयमा समुदाय स्तरमा ग्रामीण तथा शहरी क्षेत्रमा शहरी स्वास्थ्य क्लिनिक, वडा स्तरमा आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा स्थानीय तहमा आधारभूत (प्राथमिक) अस्पताल रहने गरी स्वास्थ्य संरचनाको स्थापना एवं विस्तार गर्न सहजीकरण गरिने छ। आधारभूत आयुर्वेद स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितताको लागि प्रत्येक स्थानीय तहमा आवश्यक सहजीकरण गरिनेछ।

६.१.२. प्रदेश भित्रका अस्पताल, आधारभूत अस्पताल, आधारभूत स्वास्थ्य केन्द्रहरू, आयुर्वेद अस्पताल/ केन्द्र तथा सेवा केन्द्रहरूको सुदृढीकरण गरी सेवाको दायरा विस्तार तथा गुणस्तरमा सुधार गरिनेछ।

प्रदेश सचिव

प्रमुख सचिव

६.१.३. प्रदेश भित्रका अस्पतालहरूमा मानसिक रोग, आँखा स्वास्थ्य, हाडजोर्नी, चर्म तथा यौन रोग, दन्त चिकित्सा लगायतका विशेषज्ञ सेवाहरू व्यवस्थापन गर्दै लगिनेछ। प्रदेशस्तरमा क्यान्सर, मुटु रोग, मृगौला रोग लगायत विशिष्टीकृत स्वास्थ्य सेवाहरू सञ्चालन गर्नका लागि संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ। साथै आयुर्वेद अस्पताल तथा स्वास्थ्य केन्द्रमा उपचारात्मक सेवालाई विस्तार तथा विकास गरिनेछ।

६.१.४. सेवाको पहुँच नपुगेका समुदाय तथा वर्गहरूलाई लक्षित गरी आयुर्वेद, मेडिकल, सर्जिकल आदिका स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

६.१.५. प्रदेश भित्रका अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा न्यूनतम स्वास्थ्य सेवा मापदण्ड लागू गर्दै स्वास्थ्य संस्थाको दक्षता र कार्यकुशलताको आधारमा क्रमिक रूपमा स्वास्थ्य संस्थाहरूलाई उत्कृष्ट सेवा केन्द्र (center of excellence) को रूपमा विकसित गर्दै लगिनेछ।

६.१.६. प्रदेश भित्रका स्वास्थ्य संस्थाहरूमा टेलिमेडिसिन, अत्याधुनिक प्रविधियुक्त प्रयोगशाला सेवा र एक्स-रे सेवा, एम्बुलेन्स तथा फार्मेसी सेवाको विकास तथा विस्तार गरिनेछ।

६.१.७. राजमार्गमा हुने दुर्घटनाबाट हुने मानवीय क्षति कम गराउनका लागि सवारी साधनमा बढीमा १ घण्टा भित्र स्वास्थ्य सेवामा पहुँच पुर्याउने गरी रणनीतिक स्थानहरूमा आवश्यक जनशक्ति, उपकरण र औषधि सहित द्रुत आपत्कालिन स्वास्थ्य केन्द्र स्थापना गरिनेछ।

६.१.८. प्रदेश स्तरमा एउटा सुविधा सम्पन्न ट्रमा सेन्टरको स्थापना वा सेवा विस्तार तथा विकास गरी सडक दुर्घटनाका घाइतेलाई प्रादेशिक प्रेषण केन्द्रमार्फत प्रभावकारी प्रेषणको प्रबन्ध मिलाइनेछ।

६.१.९. संघ र स्थानीय तहसँगको समन्वयमा दोहोरो प्रेषण प्रणालीलाई थप सुदृढ गर्दै आकस्मिक स्वास्थ्य अवस्थामा रहेका नागरिकको शीघ्र स्वास्थ्य उपचारका लागि निश्चित मापदण्ड बनाई उद्धार गर्ने व्यवस्था गरिनेछ।

६.१.१०. दुर्घटनाको जोखिम पूर्ण स्थानहरूको पहिचान गरी स्वास्थ्य संस्थाहरूको सेवालाई सुदृढीकरण गरिनेछ। प्रदेशमा आकस्मिक स्वास्थ्य सेवा कोष स्थापना गरी परिचालन गरिनेछ।

६.१.११. स्थानीय तहसँगको समन्वयमा उद्योग, कल-कारखानामा काम गर्ने व्यवसायीको कार्यस्थल सुरक्षित बनाउन तथा स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल असर न्यूनीकरण गर्ने स्वास्थ्य इकाई सञ्चालन गर्ने सहजीकरण गरिनेछ।

६.१.१२. एम्बुलेन्स सेवालाई जीपिएस (GPS) प्रणालीमा आबद्ध गरिनुका साथै प्रादेशिक प्रेषण केन्द्रलाई थप सुदृढीकरण गरिनेछ। प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा एम्बुलेन्सको सेवा सञ्चालनको लागि सहजीकरण गरिनेछ।

सचिव

६.१.१३. प्रदेश भित्रका स्वास्थ्य संस्था र अस्पतालमा तोकिएको आकस्मिक स्वास्थ्य सेवा सुनिश्चितताका लागि आवश्यक व्यवस्थापन गरिनेछ।

६.१.१४. सम्बन्धित निकायसँग समन्वय गरी प्रत्येक सामुदायिक माध्यमिक विद्यालयमा एक जना नर्स परिचालन गरी विद्यालय स्वास्थ्य कार्यक्रम एवं विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

**६.२. स्वास्थ्य सेवाको पहुँचबाट वञ्चित, पहुँच कम भएका र जोखिममा रहेका वर्ग तथा समुदायको स्वास्थ्य स्तरमा सुधार ल्याउन जनमुखी र समता मूलक स्वास्थ्य सेवा प्रवाहलाई सुनिश्चित गरिनेछ।**

६.२.१. स्वास्थ्य सेवाको पहुँचबाट कोही पछाडी नछुटुन् (Leave No One Behind) को अवधारणा अनुरूप स्वास्थ्य सेवाको पहुँचबाट वञ्चित, पिछडिएका र जोखिममा रहेका वर्ग तथा समुदायको नक्साङ्कन, र आवश्यक अनुसन्धान गरी नतिजाका आधारमा प्रदेश स्तरीय रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

६.२.२. प्रदेश अन्तर्गतका अस्पताल तथा आयुर्वेद स्वास्थ्य केन्द्रमा जेरियाट्रिक सेवाको विस्तार तथा सञ्चालनमा रहेका जेरियाट्रीक इकाईहरूको थप सुदृढीकरण गरी गुणस्तरीय प्रशामक सेवालाई विस्तार गरिनेछ।

६.२.३. स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने सेवालाई जनमुखी तथा प्रभावकारी बनाउनका लागि आवश्यक मापदण्ड तथा संरचना तयार गरी लागू गरिनेछ।

६.२.४. अपाङ्गता भएका व्यक्ति, किशोर किशोरी, ज्येष्ठ नागरिक लगायतका विभिन्न समूहका सेवाग्राही मैत्री स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक खाका तथा मापदण्ड तयार गरी लागू गरिनेछ।

६.२.५. यौनिक अल्पसङ्ख्यक, एचआईभी सङ्क्रमित, विपन्न तथा सीमान्तकृत अल्पसङ्ख्यक समुदायलाई विशेषज्ञ र विशिष्टीकृत स्वास्थ्य सेवा सहुलियत रूपमा प्राप्त हुने व्यवस्था मिलाइनेछ।

६.२.६. निःशुल्क आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गरी जनआन्दोलन, सशस्त्र सङ्घर्षका क्रममा जीवन उत्सर्ग गर्ने शहीद परिवार, द्वन्द्व पीडित र घाइतेहरू तथा सबै लिङ्ग, क्षेत्र र समुदायका आर्थिक रूपले विपन्न, एकल महिला, शारीरिक र मानसिक रूपमा अशक्त व्यक्ति तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई सम्बन्धित स्थानीय तहको समन्वयमा स्वास्थ्य बिमाको दायरामा ल्याइनेछ।

६.२.७. स्वास्थ्य कार्यक्रम तर्जुमा गर्दा भौगोलिक रूपमा दुर्गम क्षेत्रका नागरिकहरूलाई गुणस्तरीय स्वास्थ्य सेवाको उपलब्धता सुनिश्चित गर्न प्राथमिकता दिइनेछ साथै आधिकारिक सर्वेक्षणमार्फत सूचीकृत गरिब परिवार, अति सीमान्तकृत, तथा

लोपोन्मुख समुदायको स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्न विशेष कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

६.३. आयुर्वेद तथा अन्य वैकल्पिक चिकित्सा प्रणाली (योग, अकुपंचर, प्राकृतिक चिकित्सा, होमियोप्याथी, युनानी, आम्ची-स्वरिग्पा आदि) लाई संरक्षण, प्रवर्द्धन तथा मूलप्रवाहीकरण गरी विकास र विस्तार गरिनेछ।

६.३.१. रणनीतिक स्थानका जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गर्दै अस्पतालको रूपमा स्थापना गरी विशेषज्ञ आयुर्वेद सेवासहित प्रवर्द्धनात्मक, प्रतिरोधात्मक र उपचारात्मक सेवाहरू प्रदान गरिनेछ साथै भौतिक पूर्वाधार, जनशक्ति, औषधि उपकरणको व्यवस्थापन गरी आयुर्वेद र वैकल्पिक चिकित्सा सेवालाई क्रमशः एकीकृत रूपमा सञ्चालन गरिनेछ। प्रादेशिक आयुर्वेद अस्पताल लखनपुरलाई ५० शैयाको सुविधा सम्पन्न अस्पताल बनाई गुणस्तरीय विशेषज्ञ सेवा प्रवाह हुने प्रदेशको प्रेषण केन्द्रको रूपमा स्थापित गरिनेछ।

६.३.२. नसर्ने, दीर्घ रोग तथा मानसिक रोगको रोकथाम तथा नियन्त्रण गर्न र जेष्ठ नागरिक, मातृ तथा बाल स्वास्थ्य लाई पोषण एवं स्वस्थकर आहारविहार र सकारात्मक जीवन शैलीद्वारा प्रवर्धन गर्न आयुर्वेद तथा वैकल्पिक चिकित्साका क्रियाकलापहरू सरकारी, गैरसरकारी तथा नागरिक समाजसँग समन्वय, सहकार्य र साझेदारी गरी सञ्चालन गरिनेछ।

६.३.३. स्वस्थ समाज निर्माणका लागि विद्यालयका बालबालिकाहरूलाई आयुर्वेदीय जीवन शैली, योग अभ्यासका सैद्धान्तिक तथा प्रयोगात्मक शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ।

६.३.४. आधारभूत आयुर्वेद एवं वैकल्पिक चिकित्साको न्यूनतम सेवा मापदण्ड, चिकित्सा मापदण्ड तथा प्रोटोकल लागू गरी स्वास्थ्य संस्थाको सेवाको गुणस्तर र तत्परता सुनिश्चित गरिनेछ र सेवालाई विद्युतीय अभिलेख प्रतिवेदन प्रणालीमार्फत मूलप्रवाहीकरण गरिनेछ।

६.३.५. आयुर्वेद तथा स्थानीय जडीबुटीको विकास तथा प्रवर्द्धनका लागि आवश्यक अध्ययन अनुसन्धान गरी यसको नतिजाका आधारमा आयुर्वेद तथा प्राकृतिक चिकित्साको विकास र प्रवर्द्धनका लागि संस्थागत तथा संरचनागत व्यवस्था गरिनेछ।

६.३.६. आधारभूत आयुर्वेद सेवा प्रदान गर्न आयुर्वेद संस्था नरहेको स्थानीय तहमा आवश्यक समन्वय गरी नागरिक आरोग्य सेवा केन्द्र विस्तार गरिनेछ।

६.३.७. रोग तथा स्वास्थ्य समस्याको प्रकृतिका आधारमा आयुर्वेद तथा प्राकृतिक चिकित्सा सेवा र आधुनिक चिकित्सा सेवाबीच प्रभावकारी प्रेषण प्रणाली

स्थापना गर्न यस सम्बन्धी मापदण्ड तथा प्रोटोकल निर्माण गरी लागू गरिनेछ।

६.३.८. आयुर्वेद क्षेत्रमा आवश्यक जनशक्तिको प्रक्षेपण गरी सोही बमोजिमको मानव संसाधनको प्राप्ति, विकास र व्यवस्थापन गरिनेछ। परम्परागत स्वास्थ्य कर्मीहरूको ज्ञान सीपलाई अभिलेखीकरण गर्दै क्षमता अभिवृद्धिका अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

६.३.९. कुशल उत्पादन अभ्यासको आधारमा प्रदेश स्तरीय आयुर्वेद औषधी उत्पादन केन्द्र स्थापना गरी गुणस्तरीय आयुर्वेदिक औषधिहरू आपूर्तिको सुनिश्चितता गरिनेछ।

६.३.१०. सम्बन्धित निकायसँगको समन्वयमा औषधीजन्य वनस्पतिको भौगोलिक पहिचान, उत्पादन, संरक्षण र प्रवर्द्धन र अनुसन्धानात्मक क्रियाकलाप गर्न बहुक्षेत्रीय समन्वय र संयन्त्र निर्माण गरी हरित अर्थतन्त्र तथा पर्यटन प्रवर्द्धन र गर्ने क्रियाकलाप सञ्चालन गरिनेछ। जडीबुटी क्षेत्र पहिचान गरी किसानलाई व्यवसायिक जडीबुटी खेतीका लागि क्षमता अभिवृद्धि एवं प्रोत्साहन गरिनेछ।

६.३.११. आयुर्वेद तथा वैकल्पिक चिकित्साको क्षेत्रमा सिर्जना भएका नकारात्मक तथा भ्रामक मिथ्यालाई न्यूनीकरण गर्नका लागि यसका सबल पक्षका विषयमा पैरवी गर्दै अन्तर स्वास्थ्य सेवा प्रणालीका चिकित्सक तथा स्वास्थ्य कर्मीबीच समन्वय र सहकार्य गरिनेछ।

६.४. नागरिकको स्वास्थ्य सेवामा पहुँच र उपयोगमा वृद्धि गर्न सामुदायिक, निजी तथा गैह्र सरकारी स्वास्थ्य संस्थासँग साझेदारी, सहकार्य तथा आवश्यक नियमन गरिनेछ।

६.४.१. स्थानीय, प्रादेशिक र संघीय सरकारबाट प्रदान गरिने स्वास्थ्य सेवामा सहजीकरण गर्न तथा स्वास्थ्य सेवाको पहुँच सुनिश्चित नभएका शहरी एवं ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा पुर्याउन सार्वजनिक, र निजी तथा सहकारी संस्था बीचको सहकार्य र साझेदारीलाई सहजीकरण गरिनेछ।

६.४.२. स्वास्थ्य सेवामा निजी तथा गैह्र सरकारी क्षेत्रको सामाजिक उत्तरदायित्व तथा नागरिकलाई तोकिएको सेवा सुविधालाई पारदर्शी रूपले लागू गर्ने व्यवस्था मिलाइनेछ।

६.४.३. निजी तथा गैह्र सरकारी निकायबाट प्रदान गरिने स्वास्थ्य सेवालाई निश्चित मापदण्ड बनाई अनुगमन, मूल्याङ्कन र नियमन गरिनेछ।

६.४.४. स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको नियमित प्रतिवेदन तथा स्वास्थ्य जनशक्तिको क्षमता विकासका लागि सार्वजनिक, निजी तथा गैह्र सरकारी क्षेत्रसँगको साझेदारीलाई प्रवर्द्धन, सहयोग र सहजीकरण गरिनेछ।

प्रमुख सचिव

६.४.५. प्रदेश भित्रका मेडिकल कलेजसँगको साझेदारीमा उपलब्ध प्राविधिक जनशक्तिको अधिकतम परिचालन गरी प्रदेशका सबै सरकारी अस्पतालहरूमा शल्यचिकित्सा लगायत अन्य आवश्यक विशेषज्ञ सेवाको निरन्तर उपलब्धता सुनिश्चित गरिनेछ।

६.४.६. सार्वजनिक र निजी स्वास्थ्य संस्थाबीचको प्रेषण प्रणालीलाई थप सशक्त बनाउन यस सम्बन्धी मापदण्ड, प्रोटोकल तथा निर्देशिका निर्माण गरी लागू गरिनेछ।

६.४.७. निजी स्वास्थ्य संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवाको शुल्क निर्धारण गरी सर्व सुलभ बनाउन यस सम्बन्धी व्यवहारिक मापदण्डको निर्माण गरी कार्यान्वयन गरिनेछ।

६.४.८. निजी स्वास्थ्य संस्थाहरूमा विपन्न नागरिकका लागि निःशुल्क वा सुपथ मूल्यमा सेवा उपलब्ध गराउन आवश्यक मापदण्ड तयार गरी लागू गरिनेछ।

६.४.१०. प्रदेश भित्रका निजी स्वास्थ्य संस्थाहरूले प्रदान गर्ने स्वास्थ्य सेवाहरू राष्ट्रिय निर्देशिका वा मापदण्ड बमोजिम भएको सुनिश्चित गर्न निजी स्वास्थ्य संस्थामा कार्यरत व्यवस्थापक तथा स्वास्थ्य सेवा प्रदायकहरूलाई सेवा सम्बन्धी राष्ट्रिय निर्देशिका, मापदण्ड, प्रोटोकलका बारेमा अभिमुखीकरण दिने व्यवस्था मिलाइनेछ।

६.४.११. आधारभूत तथा विशेषज्ञ आँखा स्वास्थ्य सेवालाई विस्तार गर्न निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ।

**६.५. स्वास्थ्य संस्थाबाट गुणस्तरीय पोषण सेवा सुनिश्चितता तथा स्वास्थ्य वर्द्धक खाद्य पदार्थको प्रयोगलाई प्रवर्द्धन गरी पोषण अवस्थामा सुधार गरिनेछ।**

६.५.१. बहुक्षेत्रीय समन्वय र सहकार्यमा बहुक्षेत्रीय पोषण योजना (Multi Sectoral Nutrition Plan) प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

६.५.२. प्रदेशको परिवेश अनुकूल हुने गरी जीवन चक्रमा आधारित पोषण विशेष योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

६.५.३. प्रदेश भित्रका सबै तहका स्वास्थ्य संस्थाबाट निःशुल्क आधारभूत पोषण सेवा सुनिश्चित गरिनेछ। बालबालिकाको उमेर सापेक्ष वृद्धि विकासका लागि पोषण सेवाको सुनिश्चितता गरिनेछ।

६.५.४. प्रदेश तथा स्थानीय तह अन्तर्गतका अस्पताल तथा स्वास्थ्य संस्थाहरूलाई राष्ट्रिय मापदण्ड बमोजिम क्रमिक रूपमा पोषण मैत्री स्वास्थ्य संस्थाको रूपमा विकसित गरिनेछ।

प्रदेश सरकार ... कार्यालय

सचिव

प्रमुख सचिव

६.५.५. स्थानीय तह तथा सम्बन्धित सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरी स्वास्थ्य संस्थाहरूबाट प्रवाह हुने पोषण विशेष सेवाहरूको गुणस्तर सुधार गरिनेछ।

६.५.६. विद्यालय स्वास्थ्य कार्यक्रमसँग पोषण सेवालाई एकीकृत गर्दै बालबालिकाको खानपान तथा पोषण सम्बन्धी व्यवहार परिवर्तनलाई जोड दिइनेछ।

६.५.७. कुपोषित बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउन संघ तथा स्थानीय तहसँगको समन्वयमा आवश्यकता अनुरूप पोषण पुनर्स्थापना केन्द्र स्थापना, सुदृढीकरण र विस्तार गरिनेछ।

६.५.८. समुदायमा आधारित स्वास्थ्य तथा पोषण अभियान मार्फत बालबालिका, किशोर किशोरी, गर्भवती र सुत्केरी महिलाहरूको पोषण अवस्थामा सुधार ल्याइनेछ।

६.५.९. प्रदेशमा कुपोषणको समस्या व्याप्त हुनुका कारक तत्वहरूको पहिचान गर्न यस सम्बन्धी अध्ययन/अनुसन्धान गरिनेछ र यसको नतिजाका आधारमा कुपोषणको समाधानका लागि आवश्यक रणनीति तयार गरी बहुक्षेत्रीय समन्वयमा कार्यान्वयन गरिनेछ।

६.५.१०. स्वास्थ्य सेवा प्रवाहमा पोषण सेवालाई थप एकीकृत गर्दै गुणस्तरीय सेवा सुनिश्चितताका लागि जिल्ला र स्थानीय तहमा पोषण कार्यक्रम हेर्ने निश्चित जनशक्ति तोकी क्षमता विकास गरिनेछ।

६.५.११. स्थानीय तहसँगको समन्वयमा महिला स्वास्थ्य स्वयं सेविका तथा स्थानीय तहका अन्य संयन्त्रको परिचालन गरी कडा तथा मध्यम शीघ्र कुपोषण भएका बालबालिकाको यथाशीघ्र पहिचान गर्ने तथा उपचारका दायरामा ल्याउने प्रक्रियालाई थप सशक्त बनाइनेछ।

६.५.१२. स्थानीय स्तरमा खाद्य पदार्थको गुणस्तरीय उत्पादन र वितरणलाई प्रवर्द्धन गर्न कृषि क्षेत्र लगायत अन्य सरोकारवालाहरूसँग समन्वय गरिनेछ।

६.५.१३. स्वास्थ्य वर्द्धक खाद्य पदार्थको पहिचान, उत्पादन, प्रवर्द्धन र उपभोगका लागि सम्बद्ध विभिन्न निकायसँग पैरवी गरिनेछ।

६.५.१४. सम्बन्धित निकाय र सरोकारवालासँगको समन्वयमा शरीरलाई हानि पुर्‍याउने प्रशोधित तथा तयारी खानेकुराहरू, मदिरा र पेय पदार्थको प्रयोगलाई निरूत्साहित गर्दै व्यवसायिक रूपमा बिक्री वितरण गरिने खानेकुराहरूको गुणस्तर अनुगमन गरिनेछ।

६.५.१५. खाद्य तथा पेय पदार्थको गुणस्तर सुनिश्चित गर्नका लागि निगरानी प्रणाली विकास गरी कार्यान्वयन गरिनेछ।

मुख्यमन्त्री ... प्रदेश सरकार ... को कार्यालय

प्रमुख सचिव

६.५.१६. जनस्वास्थ्यमा नकारात्मक असर पार्ने प्रशोधित तथा तयारी खानेकुराको उत्पादन, प्रचार प्रसार, विक्री वितरण र उपभोगलाई निरूत्साहित गर्न विद्यालय, समुदाय तथा सञ्चार माध्यमलाई परिचालन गरिनेछ।

६.५.१७. कृषि तथा मासुजन्य उत्पादनमा प्रयोग हुने मानव स्वास्थ्यलाई प्रतिकूल असर पार्ने खालका रासायनिक पदार्थहरू र विषादीहरू हटाउन सम्बन्धित सरोकारवालाहरूसँग सहकार्य गरिनेछ। स्वास्थ्यलाई हानि गर्ने गरी खाद्य पदार्थमा हुने मिसावटलाई कानूनको दायरामा ल्याई दण्डित गर्न सम्बन्धित निकायसँग समन्वय गरिनेछ।

**६.६. गुणस्तरीय औषधि, औजार-उपकरण लगायत स्वास्थ्य सामग्रीको सहज पहुँच, नियमन तथा प्रभावकारी आपूर्तिको व्यवस्था गरिनेछ।**

६.६.१. संघ तथा स्थानीय तहको सहकार्यमा वर्षभरि आवश्यक पर्ने औषधि लगायतको स्वास्थ्य सामग्रीको विश्लेषण, प्रक्षेपण तथा परिमाण निर्धारण साथै प्रदेशले थप गर्नु पर्ने परिमाण यकिन गरी आपूर्ति प्रणालीलाई सुदृढ गरिनेछ।

६.६.२. स्वास्थ्य जन्य उपकरण तथा अन्य सामग्रीको उपलब्धता र सञ्चालनको अवस्था साथै नियमित मर्मत सम्भार कार्यको नियमित निरीक्षण पद्धतिलाई विद्युतीय प्रणाली मार्फत संस्थागत गरिनेछ।

६.६.३. स्वास्थ्य जन्य उपकरण र सामग्रीको नियमित मर्मत सम्भार सुनिश्चित गर्न प्रदेश र स्थानीय तहका रणनीतिक स्थानहरूमा उपकरण चेक जाँच तथा मर्मत सम्भार केन्द्रको स्थापना गरिनेछ। प्रत्येक प्रदेश अस्पतालमा बायो मेडिकल जनशक्तिको व्यवस्था गरिनेछ र प्रदेश स्तरमा एउटा बायो मेडिकल वर्कशपको स्थापना गरिनेछ।

६.६.४. सम्बन्धित निकाय र सरोकारवालासँगको समन्वयमा अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक पर्ने सहायक सामग्रीको प्रक्षेपण तथा परिमाण निर्धारण गरी नियमित आपूर्ति गर्ने व्यवस्था गरिनेछ।

६.६.५. एलोप्याथिक र आयुर्वेदिक औषधि तथा जडीबुटीहरूको उत्पादनका लागि सार्वजनिक, निजी साझेदारीमा गुणस्तरीय औषधि उत्पादन साथै सुलभ मूल्यमा औषधि उपलब्ध हुने व्यवस्था गरिनेछ।

६.६.६. नागरिकको स्वास्थ्य रक्षाका लागि प्रदेश र स्थानीय तहमा औषधि तथा औषधीजन्य सामग्रीको नियमन र फार्माकोभिजिलेन्सलाई सुदृढ बनाई दक्ष जनशक्ति मार्फत सञ्चालन गरिनेछ। औषधीको प्रतिकूल प्रभावलाई पहिचान गरी, अनुगमन तथा अभिलेख राखि सम्बन्धित निकायमा सम्प्रेषण गर्न प्रत्येक अस्पतालमा औषधि सतर्कता केन्द्र तथा औषधि सूचना इकाई को स्थापना गरिनेछ साथै १०० बेड माथिको अस्पतालमा भएको एकाईलाई प्रादेशिक

फार्माकोभिजिलेन्स केन्द्रको तथा औषधि सूचना केन्द्रको रूपमा विकास गरिनेछ।

६.६.७. औषधीको गुणस्तर यकिन, खरिद, भण्डारण, वितरण तथा नियमन गर्न फार्मेसी तर्फका जनशक्तिको प्रक्षेपण, परिचालन तथा व्यवस्थापन गरी वृत्ति विकासको सुनिश्चित गरिनेछ। सबै अस्पतालमा दक्ष प्राविधिक सहितको अस्पताल फार्मेसीको सञ्चालनलाई सुनिश्चित गरिनुका साथै अस्पताल र स्वास्थ्य संस्थाको फार्मेसीमा निरन्तर उपलब्धताको सुनिश्चितता गराइनेछ।

६.६.८. हरेक स्थानीय तहमा मापदण्ड अनुरूपको भण्डारण कक्ष स्थापनाका लागि समन्वय गरी व्यवस्थित बनाइनेछ। आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य बिमाबाट प्रदान गरिने औषधिको उपलब्धता, खरिद, गुणस्तर भण्डारण, वितरण तथा नियमनलाई सुनिश्चित गरिनेछ।

६.६.९. एकीकृत विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणालीलाई अनिवार्य गरी सबै स्वास्थ्य संस्थामा लागू गर्दै अनलाइन लगत तथा माग विधिबाट आपूर्ति प्रणाली सुदृढ गरिनेछ।

६.६.१०. औषधी तथा अन्य स्वास्थ्य सामग्रीको नियमित आपूर्ति सम्बन्धमा स्वास्थ्य संस्था प्रमुखलाई जबाफदेही बनाई नागरिक लेखापरीक्षण पद्धतिको विकास गरिनेछ।

६.६.११. आधारभूत स्वास्थ्य सेवा तथा बिमाबाट प्रदान गरिने औषधिको उपलब्धता, खरिद, गुणस्तर भण्डारण, वितरण तथा नियमनलाई सुनिश्चित गरिनेछ।

६.६.१२. खरिद गरिने औषधीको गुणस्तर परीक्षण गर्न सम्बन्धित निकायको सहकार्यमा प्रदेशमा औषधिको गुणस्तर परीक्षण गर्ने संयन्त्रको विकास गरिनेछ।

६.६.१३. खाद्य पदार्थ सुरक्षा, औषधिको गुणस्तर, नियमन तथा बजार मूल्य नियन्त्रणका लागि सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय तथा व्यवस्थापन गर्न स्वास्थ्य मन्त्रालय अन्तर्गत औषधि तथा खाद्य पदार्थ संयन्त्र स्थापना गरिनेछ।

६.७. स्वास्थ्य सेवा सर्व सुलभ एवं प्रभावकारी रूपमा प्रवाह गर्न दक्ष स्वास्थ्य जनशक्तिको प्रक्षेपण, उत्पादन, वितरण, क्षमता अभिवृद्धि एवं परिचालन गरिनेछ।

६.७.१. जनसंख्या, भूगोल, रोग एवं स्वास्थ्य समस्याको भार तथा स्वास्थ्य सेवाको मापदण्डको आधारमा स्वास्थ्य क्षेत्रको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिनेछ।

६.७.२. जनसङ्ख्या तथा उपलब्ध स्वास्थ्य सेवाका आधारमा स्वास्थ्य क्षेत्रमा आवश्यक दक्ष जनशक्तिको उत्पादन, क्षमता विकास र परिचालनका लागि प्रादेशिक मार्गचित्र तयार गरी कार्यान्वयन गरिनेछ।

प्रमुख सचिव

६.७.३. प्रादेशिक तथा स्थानीय तहमा दरबन्दी अनुसारका स्वास्थ्य जनशक्तिको पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोग लगायतका सम्बन्धित निकायसँग नियमित समन्वय र पैरवी गरिनेछ।

६.७.४. स्वास्थ्य प्रणालीको आवश्यकता र उपलब्ध स्वास्थ्य कर्मीहरूको क्षमता तथा योग्यताका आधारमा कार्य तथा सीप प्रत्यायोजनको (skill and task transfer) योजना तयार गरी कार्यान्वयन गरिनेछ।

६.७.५. सबै तहका स्वास्थ्य जनशक्तिका लागि प्रविधिमा आधारित सिकाई, स्थलगत अनु शिक्षण तथा निरन्तर व्यवसायिक उन्नयन (Continuous Professional Development) का लागि एकीकृत योजना तयार गरी कार्यान्वयन गरिनेछ।

६.७.६. नर्सिङ्ग जनशक्तिको क्षमता अभिवृद्धि गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न प्रोफेसनल मिडवाईफ्री, सामुदायिक नर्सिङ्ग लगायतका अन्य विशेषज्ञ नर्सिङ्ग जनशक्ति उत्पादन तथा व्यवस्थापन गरी परिचालन गरिनेछ।

६.७.७. सम्बन्धित निकायसँग समन्वय गरी प्रदेश अन्तर्गत न्यून संख्यामा तर अत्यावश्यक रहेको स्वास्थ्य जनशक्ति व्यवस्थापनका लागि छात्रवृत्ति, प्रोत्साहन र वृत्ति विकासको व्यवस्था गरिनेछ।

६.७.८. स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्तिको आवश्यकता परिपूर्ति गर्न प्रदेशमा स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना गरिनेछ।

६.७.९. महिला स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता अभिवृद्धि गर्नुका साथै उत्प्रेरणा सम्बन्धी क्रियाकलापहरू गरिनेछ।

६.७.१०. स्थानीय तहसँग समन्वय र सहकार्य गरी स्वास्थ्य जनशक्तिलाई खटाएको ठाउँमा निरन्तर उपस्थित भई सक्रिय रूपमा सेवा प्रदान गर्ने उपयुक्त वातावरण निर्माण गर्नुका साथै दुर्गम क्षेत्रमा निरन्तर कार्यरत स्वास्थ्य कर्मीलाई विशेष सुविधा र अवसरहरूको व्यवस्था गरिनेछ।

६.७.११. प्रदेशमा कार्यरत स्वास्थ्य जनशक्तिको विवरण नियमित रूपमा अद्यावधिक गर्न विद्युतीय स्वास्थ्य जनशक्ति अभिलेख प्रणाली विकास गरिनेछ।

६.७.१२. स्वास्थ्य क्षेत्रमा सीप मिश्रित जनशक्ति उत्पादन र परिचालनका लागि पाठ्यक्रम तथा तालिम संयोजन गरिनेछ। आवश्यकता अनुसार सीप मिश्रण हुने जनशक्तिको थप दरबन्दी सिर्जना गरिनेछ।

६.७.१३. नयाँ विधाका स्वास्थ्य जनशक्तिको पद सिर्जना तथा पदपूर्तिका लागि प्रदेशस्तरीय कार्य योजना तयार गरी सोको कार्यान्वयनका लागि सम्बद्ध निकायहरूसँग समन्वय गरिनेछ।

**६.८. प्रभावकारी स्वास्थ्य शिक्षा, सूचना र सञ्चारको माध्यमबाट नागरिकको स्वस्थ आनीबानी र सकारात्मक व्यवहारलाई प्रवर्द्धन गरिनेछ।**

६.८.१. स्थानीय तहसँगको समन्वयमा स्वास्थ्य सेवा प्रदायक तथा सामाजिक सञ्जालको माध्यमबाट प्रभावकारी स्वास्थ्य शिक्षा, सूचना, सञ्चार सचेतना एवं परामर्श सेवाको उपलब्धता सुनिश्चित गरिनेछ।

६.८.२. शिक्षा क्षेत्रसँग आवश्यक समन्वय गरी स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक पर्ने सीप विकास सम्बन्धी विषयवस्तु शैक्षिक पाठ्यक्रममा समावेश गरिनेछ।

६.८.३. सम्बन्धित निकाय र विषय विज्ञसँग आवश्यक समन्वय गरी विद्यालय शिक्षामा आयुर्वेद सेवा सहितका शारीरिक र मानसिक स्वास्थ्यका आधारभूत विषयहरू साथै किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य र वृहत् यौनिकता सम्बन्धी शिक्षालाई समयानुकूल एकीकृत गरी लागू गरिनेछ।

६.८.४. प्रदेशभित्र स्वास्थ्य शिक्षा र सञ्चार सम्बन्धी क्रियाकलापहरूलाई थप व्यवस्थित गर्न स्वास्थ्य तालिम केन्द्र अन्तर्गत स्वास्थ्य शिक्षा तथा सञ्चार इकाई स्थापना गरिनेछ तथा तथ्य र अनुभवमा आधारित स्वास्थ्य शिक्षा र सञ्चार सामग्रीहरूको उत्पादन र प्रसारण गर्न आवश्यक अध्ययन अनुसन्धान गरिनेछ।

६.८.५. स्वास्थ्यमा प्रतिकूल असर पार्ने बाल-विवाह, दाईजो, लैङ्गिक हिंसा लगायतका सामाजिक अभ्यास र कुरीतिलाई निरुत्साहित गर्न एवं स्वस्थ व्यवहार प्रवर्द्धन गर्न स्थानीय तह र साझेदार संस्थासँगको सहकार्यमा एकीकृत कार्यक्रमको खाका तयार गरी सञ्चालन गरिनेछ।

६.८.६. स्थानीय तहसँगको समन्वयमा खानेपानी गुणस्तर निगरानी, स्वच्छता तथा सरसफाइ प्रवर्द्धन गरिनेछ।

६.८.७. प्रतिजैविक प्रतिरोध क्षमतामा हुने ह्रासलाई नियन्त्रण गर्न साथै औषधिको समुचित प्रयोगलाई बढावा दिन सेवा प्रदायक निकायहरूमा प्रभावकारी स्वास्थ्य शिक्षा, सूचना, सञ्चार एवं परामर्श सेवाको व्यवस्था गरिनेछ।

**६.९. बाल स्वास्थ्य, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, सङ्क्रामक तथा उपेक्षित उष्ण प्रदेशीय रोग लगायत प्रमुख जनस्वास्थ्य कार्यक्रमहरूलाई थप सबलीकरण गरिनेछ।**

६.९.१. नियमित खोप सेवा, खोप भण्डारण तथा खोप लगाउन छुटेका बालबालिकालाई प्राथमिकतामा राखी पूर्ण खोप सुनिश्चितता अभियानलाई निरन्तरता दिइनेछ।

६.९.२. प्रदेशका अस्पतालहरूमा बृहत् आकस्मिक प्रसूति तथा नवजात शिशु स्याहार केन्द्र, नवजात शिशु सघन उपचार सेवा इकाई (Neonatal Intensive Care Unit - NICU) तथा स्थानीय तह अन्तर्गतका अस्पतालहरूमा विशेष नवजात शिशु स्याहार इकाई (Special Newborn Care Unit - SNCU) को सुनिश्चितता गरिनेछ।

६.९.३. नवजात शिशु मृत्यु, मृत शिशुको जन्म तथा मातृ मृत्यु को अनुसन्धान गरी नतिजाका आधारमा कार्यक्रम/क्रियाकलापहरूको आवश्यक खाका तयार गरी कार्यान्वयन गरिनेछ।

६.९.४. विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत बालबालिका तथा किशोर किशोरीको यौन तथा प्रजनन स्वास्थ्य, स्क्रिनिङ्ग तथा स्वास्थ्य परीक्षण, सरसफाइ र स्वस्थ व्यवहार परिवर्तन जस्ता क्रियाकलापहरू सञ्चालन गरिनेछ।

६.९.५. ग्रामीण अल्ट्रासाउन्ड सेवालाई आवश्यकता अनुसारका भौगोलिक स्थानहरूमा रणनितिक रूपमा विस्तार गरिनेछ।

६.९.६. प्रत्येक स्थानीय तहमा बालरोगको एकीकृत व्यवस्थापन, किशोर किशोरी स्वास्थ्य, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, सुरक्षित गर्भपतन, परिवार योजना, ग्रामीण अल्ट्रासाउण्ड सहितको एकीकृत प्रजनन स्वास्थ्य सेवा क्रमिक रूपमा विस्तार गरिनेछ। प्रत्येक स्वास्थ्य संस्थामा परिवार नियोजनका कम्तिमा ५ वटा अस्थायी साधनहरू र आकस्मिक गर्भ निरोधक साधनको उपलब्धता सुनिश्चित गरिनेछ।

६.९.७. मातृ मृत्युलाई न्यूनीकरण गर्न स्थानीय तहको सहकार्यमा हिमाली र पहाडी जिल्लाका महिला तथा तराई जिल्लाका उच्च मातृ मृत्यु रहेका समुदाय तथा विपन्न महिलाहरूलाई सुत्केरी सेवाका लागि निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ।

६.९.८. मातृ तथा नवजात शिशु मृत्यु निगरानी सम्बन्धी कार्यक्रमलाई अझ प्रभावकारी बनाउन संघीय र स्थानीय तहसँग समन्वय गरी सञ्चालन गरिनेछ।

६.९.९. प्रदेश सरुवा रोग उपचार केन्द्रको स्थापना गरी क्रमिक रूपमा यसको संस्थागत विकास र सुदृढीकरण गरिनेछ।

६.९.१०. स्थानीय तहसँगको समन्वय र सहकार्यमा व्यापक रूपमा देखा पर्ने सरुवा रोगहरूको अध्ययन, अनुसन्धान, निगरानी, रोकथाम तथा निवारण सम्बन्धी कार्य गरिनेछ।

६.९.११. कालाजार, मलेरिया लगायतका नेपाल सरकारले निवारण गर्न तोकेका रोगहरूको सक्रिय खोजपड्ताल, निगरानी, रोकथाम र नियन्त्रण कार्यलाई तदारुकताका साथ सञ्चालन गर्दै नियमित समीक्षा गरिनेछ।

६.९.१२. अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप प्रदेशको नाकाहरूबाट भित्रन सक्ने रोगहरू नियन्त्रण गर्न अन्तर सिमा समन्वय, स्वास्थ्य जाँच केन्द्रहरूको स्थापना तथा जनस्वास्थ्य निगरानीलाई थप सुदृढ गरिनेछ।

६.९.१३. विभिन्न राष्ट्रिय कार्यक्रम अन्तर्गत एकीकरण गर्न सकिने सेवा तथा क्रियाकलापहरूको पहिचान गरी एकीकृत रूपमा सेवा प्रवाह गर्नका लागि

यस सम्बन्धी प्रादेशिक रणनीति र कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।

६.९.१४. स्थानीय तहसँगको समन्वयमा आवश्यक कार्ययोजना र निश्चित मापदण्ड बनाई क्षयरोग मुक्त पालिकाको अवधारणालाई कार्यान्वयन गरिनेछ।

६.९.१५. क्षयरोग, कुष्ठ रोग, औलो तथा एचआईभी/एड्स लगायतका सरुवा रोगहरूको अध्ययन, अनुसन्धान, निगरानी, रोकथाम, नियन्त्रण, निवारण तथा उन्मूलनका लागि स्थानीय तहहरूसँग समन्वय र सहकार्य गरी स्थानीय तह र स्वास्थ्य कर्मीको क्षमता विकास लगायतका प्रभावकारी कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

६.९.१६. डेङ्गु महामारीको जोखिममा रहेका स्थानीय तहलाई नीति, कानून, मापदण्ड तथा कार्ययोजना निर्माणका साथै रोगको नियन्त्रण र रोकथाम अभियान सञ्चालन गर्न आवश्यक सहयोग गरिनेछ।

**६.१०. नागरिकको स्वास्थ्य उपचारमा पर्ने व्यक्तिगत व्ययभार कम गर्न स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गर्दै सामाजिक स्वास्थ्य सुरक्षा योजनालाई थप सुदृढ गरिनेछ।**

६.१०.१. स्वास्थ्य क्षेत्रको दिगो विकासका लागि अन्तर्राष्ट्रिय मापदण्ड अनुसार क्रमिक रूपमा प्रदेशको लगानी वृद्धि गर्दै कुल बजेटको कम्तिमा १२ प्रतिशत बजेट स्वास्थ्य क्षेत्रमा विनियोजन हुने सुनिश्चितता गरिनेछ।

६.१०.२. स्थानीय तहलाई स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गर्न निरन्तर अभिप्रेरित गर्नुका साथै यसका लागि आवश्यक प्राविधिक परामर्श र सहयोग उपलब्ध गराइनेछ।

६.१०.३. प्रदेश तथा स्थानीय तहका लागि उपलब्ध विकास सहायताको प्रभावकारिता वृद्धि गर्नका लागि विकास साझेदार तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरूसँगको समन्वय र सहकार्यलाई सुदृढ बनाइनेछ।

६.१०.४. संघीय, तथा स्थानीय सरकारसँगको समन्वय र सहकार्यमा स्वास्थ्य बीमाको आवद्धतालाई हरेक घर धुरीसम्म विस्तार गर्दै लगिनेछ।

६.१०.५. प्रदेश मातहतका पदाधिकारी तथा कर्मचारीहरूको स्वास्थ्य बिमामा आवद्धतालाई अनिवार्य गरिनेछ।

६.१०.६. सङ्गठित क्षेत्रहरू जस्तै कलकारखाना, यातायात, कानून व्यवसाय आदिमा कार्यरत व्यक्तिहरूलाई स्वास्थ्य बीमा कार्यक्रममा अनिवार्य आवद्धताका लागि कानूनी व्यवस्था गर्दै विपन्न, पूर्ण अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख जनजाती, द्वन्द्व पीडित, आश्रममा आश्रित व्यक्ति तथा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका लगायतका लक्षित वर्गलाई निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था गरिनेछ।

६.१०.७. स्वास्थ्य बिमामा आवद्धता वृद्धि गर्नका लागि सामुदायिक संस्था, विद्यालय, सहकारी, गैह्र सरकारी संस्था तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका लगायत समुदायमा सक्रिय संघ संस्थाहरूको संलग्नता बढाइनेछ।

६.१०.८. सरकारी, निजी, सहकारी तथा सामुदायिक अस्पतालहरूमा सामाजिक सेवा इकाईको स्थापना गरी विपन्न, अति गरिब, असहाय, बेवारिसे लगायतका लक्षित वर्गको उपचारलाई व्यवस्थित गरिनेछ।

६.१०.९. स्वास्थ्य बीमा कार्यक्रम लागु भएका अस्पतालहरूबाट प्रदान गरिने स्वास्थ्य सेवाको नियमित अनुगमन, गुणस्तर निर्धारण र पृष्ठपोषण गरिनेछ।

६.१०.१०. विशेषज्ञ र विशिष्टीकृत स्वास्थ्य सेवामा विपन्न, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख, द्वन्द्व पीडित र असहाय नागरिकको सहज पहुँचका लागि स्वास्थ्य उपचार सहायता कोष स्थापना गरिनेछ।

६.१०.११. निजी, सहकारी, सामुदायिक लगायतका अस्पतालहरूमा कुल शैयाको दश प्रतिशत शैया छुट्याई गरिब, असहाय र बेवारिसे लगायतका लक्षित बिरामीहरूको निःशुल्क उपचार गर्ने व्यवस्था मिलाईनेछ।

६.१०.१२. उद्योग र व्यवसायमा कार्यरत श्रमिकहरूको स्वास्थ्य सुरक्षाका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी जोखिम न्यूनीकरण र रोकथामका लागि अत्यावश्यक स्वास्थ्य सेवाको निःशुल्क उपलब्धता सुनिश्चित गरिनेछ।

६.१०.१३. मौजुदा सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमबारे सूचना संयोजन गरी सबै स्वास्थ्य संस्थाहरूमा सार्वजनिक रूपमा राख्ने व्यवस्था मिलाइनेछ।

६.१०.१४. व्यवसायिक संघ-संस्थाको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतको स्रोतलाई स्वास्थ्य सेवा र कार्यक्रममा लगानी गर्न समन्वय र प्रोत्साहन गरिनेछ।

**६.११. बसाइँ-सराई तथा बढ्दो सहरीकरणको व्यवस्थापनका साथै यसबाट मानव स्वास्थ्यमा पर्ने असरहरूलाई व्यवस्थापन गर्न बहुक्षेत्रीय समन्वय र सहकार्य गरिनेछ।**

६.११.१. बसाइँ-सराई तथा बढ्दो सहरीकरण बाट मानव स्वास्थ्यमा पर्ने असरहरूका बारेमा अध्ययन अनुसन्धान गरी आवश्यक योजना तथा रणनीति बनाई लागू गरिनेछ।

६.११.२. बसाइँ-सराई गरेर आउने समुदाय र शहरी सुकुमबासीहरूको पहिचान गरी आधारभूत स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गरिनेछ।

६.११.३. वैदेशिक रोजगारमा जाने र फर्किने नागरिकहरूको स्वास्थ्य सुरक्षाका लागि स्वास्थ्य जाँच पडताल र आवश्यक परामर्शको प्रबन्ध गरिनेछ।

६.११.४. आवश्यक मापदण्ड तयार गरी स्वस्थ सहर स्वस्थ नागरिकको अवधारणालाई प्रवर्द्धन गरिनेछ।

६.१२. वातावरणीय प्रभाव, जलवायु परिवर्तन तथा स्वास्थ्यजन्य फोहोरका कारण स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल असरको न्यूनीकरण तथा व्यवस्थापन गरिनेछ।

६.१२.१. प्रतिकूल वातावरण तथा जलवायु परिवर्तनका कारण मानव स्वास्थ्यमा पर्ने असरहरूका बारेमा अध्ययन अनुसन्धान गरी यसका आधारमा स्वास्थ्य क्षेत्र अनुकूल योजना तथा रणनीति बनाई लागू गरिनेछ।

६.१२.२. स्थानीय तह र सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरी पूर्ण सरसफाइयुक्त प्रदेश निर्माण तथा घरभित्र हुने धुवाँ नियन्त्रणका लागि रणनीति बनाई लागू गरिनेछ।

६.१२.३. सम्बन्धित क्षेत्र र निकायसँग समन्वय गर्दै ध्वनि, वायु, खानेपानी र खाद्य पदार्थको गुणस्तर निगरानी र नियमनका लागि आवश्यक संयन्त्रको विकास गरिनेछ।

६.१२.४. स्वास्थ्य सँस्थाजन्य फोहरमैला व्यवस्थापनका लागि सरोकारवाला निकायहरूसँगको समन्वय र सहकार्यमा स्वास्थ्यजन्य फोहर संकलन, वर्गीकरण, प्रशोधन, र विसर्जनको व्यवस्था मिलाइनेछ।

६.१२.५. स्थानीय तहको समन्वयमा विद्यालय र स्वास्थ्य संस्थामा खानेपानी, सरसफाइ र फोहरमैला व्यवस्थापन सुनिश्चित गर्नका लागि आवश्यक सहजीकरण गरिनेछ।

६.१२.६. विषादी तथा कीटनाशक औषधिको प्रयोगले स्वास्थ्यमा पर्ने प्रतिकूल असरहरू बारे अध्ययन अनुसन्धान गरी सम्बन्धित निकायसँगको समन्वयमा मानव स्वास्थ्य, वातावरणीय स्वास्थ्य र पशुपन्छी स्वास्थ्यको अन्तरसम्बन्धलाई सम्बोधन गर्न एक स्वास्थ्य (One health) को अवधारणालाई प्रवर्द्धन गरिनेछ।

६.१२.७. कीटनाशक औषधी तथा औद्योगिक रसायनहरूको समुचित विसर्जनका लागि सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ र यसको वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरण गरिनेछ।

६.१२.८. वातावरणलाई प्रतिकूल असर पार्ने पदार्थहरूको प्रयोग र व्यवहारलाई न्यूनीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरिनेछ।

६.१२.९. स्वास्थ्यमा प्रतिकुल असर पार्न सक्ने वायु प्रदूषणको सम्पूर्ण श्रोतहरूको रोकथाम र नियन्त्रण गर्न बहुक्षेत्रीय पहल गरिनेछ।

६.१२.१०. वातावरणीय प्रभावले स्वास्थ्यमा पार्न सक्ने असरहरूका विषयलाई विद्यालय स्तरका पाठ्यक्रममा समावेश गर्न शिक्षा क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ।

६.१२.११. सम्बन्धित निकायसँगको समन्वयमा प्रदेशभित्रका सार्वजनिक पूर्वाधार विकासका क्रियाकलापहरूमा स्वास्थ्य मैत्री पूर्वाधारको अवधारणा तय गरिनेछ।

**६.१३. स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै अन्तर तह र अन्तर प्रदेश समन्वय र सहकार्य मार्फत नतिजामुखी स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ।**

६.१३.१. स्वास्थ्य कार्यक्रम तथा क्रियाकलापहरूमा दोहोरोपना हटाउन अन्तर तह सञ्चार र समन्वय गरी सरोकारवाला निकायहरूको सहभागितामा दिगो विकास लक्ष्यको आन्तरिकिकरण तथा समीक्षा गर्दै वार्षिक स्वास्थ्य कार्यक्रम योजना तर्जुमा प्रणालीको विकास गरिनेछ।

६.१३.२. स्थानीय तहमा प्रभावकारी आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि प्रदेश मातहतका स्वास्थ्य निकायहरू मार्फत आवश्यक प्राविधिक सहजीकरण गरिनेछ।

६.१३.३. स्वास्थ्य सेवामा गुणस्तरीयता एवं जबाफदेहिता बढाउन सामाजिक लेखापरीक्षण, सार्वजनिक सुनुवाइ र सामुदायिक स्कोरकार्ड लगायतका स्थापित जबाफदेहिता अभिवृद्धि गर्ने पद्धतिहरूलाई थप सुदृढ गरी निरन्तरता दिइनेछ।

६.१३.४. सेवा प्रवाह सम्बन्धी पृष्ठपोषणका लागि सेवाग्राहीको अन्तर्वार्ता, नागरिकवडापत्र, गुनासो सम्बोधन लगायतका क्रियाकलापलाई थप सुदृढ गर्दै निरन्तरता दिइनेछ।

६.१३.५. प्रदेश र स्थानीय तहबीच प्रभावकारी स्वास्थ्य सेवा सञ्चालनका लागि सहकार्य र समन्वयको ढाँचा विकास गरी कार्यान्वयन गरिनेछ।

६.१३.६. स्वास्थ्य सेवा प्रदायक र संस्थाको सुरक्षाका लागि प्रचलित कानूनी व्यवस्थाको समयानुकूल परिमार्जन गरी लागू गरिनेछ।

६.१३.७. नतिजामुखी कार्यसम्पादन तथा मूल्याङ्कन प्रणालीको विकास गरी स्वास्थ्य कर्मीहरूलाई काम, कर्तव्य प्रति थप जबाफदेही र जनमुखी बनाइनेछ।

६.१३.८. निजी तथा सार्वजनिक स्वास्थ्य संस्थाहरूमा औषधिको समुचित प्रेस्क्रिप्सन, बिक्री वितरण तथा प्रेषण लगायतका चिकित्सकीय अभ्यासहरूको सम्परीक्षण गरी सुधारका लागि पृष्ठपोषण दिने र नियमन गर्ने पद्धतिको विकास गरी कार्यान्वयन गरिनेछ।

प्रमुख सचिव

६.१३.९. सेवा प्रदान गर्दा सेवाग्राहीको गोपनीयता कायम गर्ने तथा सम्मान जनक रूपमा सेवा प्रदान गर्ने व्यवहार प्रवर्द्धनका लागि अनुकूल वातावरण तयार गरिनेछ।

६.१३.१०. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि प्रदेश र स्थानीय तहको सम्पर्क र अन्तर सम्बन्ध बढाउन अन्तर तह मासिक बैठक, अर्ध वार्षिक तथा वार्षिक समीक्षाको व्यवस्था गरिनेछ।

**६.१४. तथ्यमा आधारित योजना तर्जुमाका लागि एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई थप सुदृढ गर्दै अध्ययन अनुसन्धान कार्यलाई प्रवर्द्धन गरिनेछ।**

६.१४.१. स्वास्थ्य क्षेत्रका प्राथमिक मुद्दाहरूमा अध्ययन, अनुसन्धान र सर्वेक्षण गरिनेछ र अध्ययनका नतिजाहरूलाई नीति निर्माण तथा योजना तर्जुमा प्रक्रियामा प्रयोग गरिनेछ।

६.१४.२. प्रदेशमा स्वास्थ्य अनुसन्धान तथा नव प्रवर्तनका लागि आवश्यक संयन्त्रको विकास गरिनेछ।

६.१४.३. स्वास्थ्य क्षेत्रका प्राथमिक मुद्दाहरूमा अध्ययन अनुसन्धानलाई प्रवर्द्धन गर्न तथा व्यवस्थित र गुणस्तरीय बनाउन प्रदेशमा स्थापित विश्वविद्यालय, अध्ययन प्रतिष्ठान तथा अनुसन्धानात्मक निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ।

६.१४.४. अध्ययन तथा अनुसन्धानलाई व्यवस्थित र गुणस्तरीय बनाउन आवश्यक मानव संसाधन (अनुसन्धान अधिकृत, सांख्यिकीविद्, तथ्याङ्क व्यवस्थापक आदि) परिचालन गरी तथ्यपरक तथा प्रमाणमा आधारित योजना तर्जुमाका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ

६.१४.५. सञ्चालनमा रहेका स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीहरू मार्फत भइरहेको तथ्याङ्क संकलन, तथा प्रतिवेदन प्रणालीको समग्र लेखाजोखा गर्दै विद्यमान समस्या र चुनौतीहरूको विश्लेषण गरी सुधारका लागि बहुवर्षीय योजना तयार गरी कार्यान्वयन गरिनेछ।

६.१४.६. स्थानीय तहसँग समन्वय गरी प्रदेश स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीलाई आधुनिकीकरण र प्रविधीमैत्री बनाई थप सुदृढ गरिनेछ।

६.१४.७. स्वास्थ्य सेवालाई समय सापेक्ष बनाउन तथ्यगत योजना तर्जुमा, नियमित अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण प्रणालीमा जोड दिइनेछ।

६.१४.८. प्रदेश मातहतका सबै अस्पतालहरूमा विद्युतीय स्वास्थ्य अभिलेख तथा रिपोर्टिङ् प्रणाली लागु गरिनेछ, साथै अन्य स्वास्थ्य संस्थाहरूमा पनि यस प्रणालीको विस्तार गर्न आवश्यक सहजीकरण गरिनेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश सरकार

प्रमुख सचिव

६.१४.९. प्रदेश भित्रका सबै सरकारी, सामुदायिक तथा निजी स्वास्थ्य संस्था र सेवाहरूको सूचीकरण र नक्साङ्कन गरिनेछ।

६.१४.१०. स्वास्थ्य व्यवस्थापन, आपूर्ति व्यवस्थापन, मानवस्रोत व्यवस्थापन, भौतिक सम्पत्ति व्यवस्थापन तथा स्वास्थ्य पूर्वाधार लगायतका सूचना प्रणालीमार्फत तथ्याङ्कको संकलन, प्रशोधन, विश्लेषण, प्रतिवेदन र प्रयोग गर्न प्रदेश तथा स्थानीय तहका स्वास्थ्य कार्यक्रम व्यवस्थापक लगायत सम्बद्ध व्यक्तिहरूको क्षमता अभिवृद्धि गरिनेछ।

**६.१५. स्वास्थ्य आपत्कालिन अवस्था, विपद् र महामारीको प्रभावकारी अनुगमन, नियन्त्रण तथा व्यवस्थापन गरिनेछ।**

६.१५.१. महामारी नियन्त्रण, व्यवस्थापन तथा यसले स्वास्थ्य क्षेत्रमा पारेको प्रभावलाई न्यूनीकरण गर्न प्रादेशिक पूर्व एकीकृत तयारी र प्रतिकार्य रणनीति एवं कार्ययोजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

६.१५.२. सम्भावित विपद् तथा महामारीको अवस्थालाई मध्यनजर गर्दै रणनीतिक स्थान तथा स्वास्थ्य संस्थाहरूमा अत्यावश्यक औषधि, स्वास्थ्य एवं पोषण सामग्रीको भण्डारण गर्ने व्यवस्था गरिनेछ।

६.१५.३. प्रदेश तहमा प्रकोप र महामारीको अवस्थामा अन्तर्राष्ट्रिय स्वास्थ्य नियमन (International Health Regulation) को कार्यान्वयन, मूल्याङ्कन र समयानुकूल परिमार्जनका लागि सबै सरोकारवाला निकाय सम्मिलित बहुक्षेत्रीय समन्वय संयन्त्रको स्थापना गरिनेछ।

६.१५.४. प्रदेश तथा स्थानीय तहहरूमा द्रुत प्रतिकार्य टोली तथा आकस्मिक चिकित्सकीय टोली गठन तथा क्षमता अभिवृद्धि गरिनेछ।

६.१५.५. प्रकोप र महामारीको समयमा खोप, पोषण, प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्व, बाल स्वास्थ्य जस्ता आधारभूत स्वास्थ्य सेवाको निरन्तरता सुनिश्चित गर्न स्थानीय तहसँगको समन्वयमा विषयगत आकस्मिक कार्ययोजनाहरूको विकास गरी कार्यान्वयन गरिनेछ।

६.१५.६. प्रदेश र स्थानीय तहमा प्रकोप र महामारीको समयमा गरिने प्रतिकार्यलाई प्रभावकारी बनाउनका लागि कम्तिमा वर्षको एक पटक नमुना प्रतिकार्य अभ्यास कार्यक्रम (Drill) सञ्चालन गरिनेछ।

६.१५.७. प्रादेशिक स्वास्थ्य आपत्कालिन कार्य सञ्चालन केन्द्रलाई प्रादेशिक स्वास्थ्य संरचनाको अङ्गको रूपमा विकास गरी द्रुत प्रतिकार्यलाई प्रभावकारी बनाइनेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश सरकार

प्रदेश सचिव

प्रमुख सचिव

६.१५.८. प्रदेशमा विपद् तथा महामारीको पूर्व तयारी, प्रतिकार्य र व्यवस्थापन गर्न संघ, स्थानीय तह, निजी तथा गैह्र सरकारी क्षेत्रसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

६.१५.९. प्रदेश तहमा प्रकोप र महामारीको सम्भावित खतराहरूको पूर्वानुमान, शीघ्र पहिचान, प्रमाणीकरण र रोगसम्बन्धी सूचना तत्काल दिन सक्ने गरी एकीकृत जनस्वास्थ्य निगरानी प्रणाली स्थापना गरिनेछ।

६.१५.१०. सम्भावित प्रकोप र महामारीलाई लक्षित गरी विपद्को समयमा अपनाउनुपर्ने सावधानी र व्यवहार सम्बन्धमा आम जनसमुदायलाई सुसूचित गर्न रणनीतिक सूचना र सञ्चार सामग्रीहरूको विकास गरी प्रचार प्रसार गरिनेछ।

६.१६. नसर्ने रोग, मानसिक स्वास्थ्य समस्या र आत्महत्या रोकथाम, न्यूनीकरण र उपचारका लागि प्रवर्द्धनात्मक प्रतिकारात्मक, उपचारात्मक र प्रशामक सेवामा नागरिकको पहुँच अभिवृद्धि गरिनेछ।

६.१६.१. अन्तर तह र बहुक्षेत्रीय समन्वय मार्फत प्रदेश तहमा नसर्ने रोग कार्ययोजना र मानसिक स्वास्थ्य रणनीति लागू गर्न आवश्यक वित्तीय स्रोतको प्रक्षेपण (पहिचान र व्यवस्थापन) गरी क्रमशः लागू गरिनेछ।

६.१६.२. प्रादेशिक अस्पतालमा मानसिक स्वास्थ्य विभाग स्थापना गरिनुका साथै प्राथमिक तथा द्वितीय तहका अस्पतालहरूमा विशेषज्ञ मानसिक स्वास्थ्य सेवा क्रमिक रूपमा विस्तार गरिनेछ।

६.१६.३. प्रादेशिक तथा द्वितीय तहका अस्पतालहरूमा मुख्य नसर्ने रोगहरूको विशिष्टीकृत उपचारका लागि संघीय सरकारसँगको सहकार्यमा डायलाईसिस, क्याथ ल्याब, रेडियोथेरापी र किमोथेरापी जस्ता सेवाहरू क्रमिक रूपमा विस्तार गरिनेछ।

६.१६.४. प्रादेशिक अस्पतालहरूमा नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी स्रोत केन्द्र स्थापना गरिनेछ।

६.१६.५. प्रमुख नसर्ने रोग तथा मानसिक स्वास्थ्य समस्या सम्बन्धी स्क्रिनिङ्, प्रतिकारात्मक, उपचारात्मक, प्रवर्द्धनात्मक र प्रशामक सेवालाई प्रदेश भरी विस्तार गरिनेछ र यससम्बन्धी आवश्यक मापदण्ड तयार गरी समुदायमा आधारित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

६.१६.६. सरकारी कार्यालय र विद्यालयमा स्वस्थकर जीवनशैली प्रवर्द्धन गर्न योग, ध्यानलाई बढावा दिँदै तनाव व्यवस्थापन तथा शारीरिक क्रियाकलापका लागि आवश्यक स्थान र उपकरणको व्यवस्था गरिनेछ।

 प्रदेश सचिव

प्रमुख सचिव

६.१६.७. बहुक्षेत्रीय सहकार्यमा सुर्तिजन्य पदार्थ, मदिरा तथा लागु पदार्थको विक्री वितरण तथा प्रयोगलाई नियन्त्रण एवं नियमन गरिनेछ।

६.१६.८. हेमोफिलिया र थालेसेमिया लगायतका अनुवांशिक रोगहरूको रोकथाम, पहिचान र निःशुल्क उपचारका लागि आवश्यक योजना बनाई कार्यान्वयन गरिनेछ।

६.१६.९. शिक्षा क्षेत्रसँग समन्वय गरी विद्यालय योग शिक्षा कार्यक्रम र नागरिक स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी रूपमा लागू गरिनेछ।

६.१६.१०. मुख स्वास्थ्य र आँखा स्वास्थ्य प्रवर्द्धन गर्नका लागि विद्यालय स्वास्थ्य कार्यक्रममा समावेश गर्ने।

६.१६.११. नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी आवश्यक विषयवस्तुलाई शैक्षिक पाठ्यक्रममा समावेश गरी विद्यालयस्तरमा मनोसामाजिक परामर्श सेवा विस्तार गरिनेछ।

६.१६.१२. प्रदेशमा व्याप्त आत्महत्याका सामाजिक, आर्थिक तथा मनोसामाजिक कारणहरूको अध्ययन/अनुसन्धान तथा विश्लेषणको नतिजाका आधारमा यसको न्यूनीकरणका लागि आवश्यक कार्यक्रम तथा क्रियाकलाप निर्धारण गरी कार्यान्वयन गरिनेछ।

६.१६.१३. शिक्षा क्षेत्रसँगको समन्वय साथै मनोचिकित्सक, मनोविद् र विद्यालय नर्सको सामञ्जस्यतामा विद्यालयमा भएका बालबालिका तथा किशोर किशोरीहरूमा हुने मानसिक समस्या (अटिज्म, एडीएचडी लर्निङ डिस्याबिलिटी, पीटिएसडी, डिप्रेसन, एंक्जाइटी, सुसाइडालिटी, साइकोसिस आदि) र लागुपदार्थ दुर्व्यसनी समयमै पहिचान तथा प्रेषण, विद्यार्थीहरूलाई चेतनामुखी कार्यक्रम, शिक्षकहरूलाई मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

**६.१७. बहुक्षेत्रीय समन्वय र सहकार्यका माध्यमबाट स्वास्थ्यका वृहत् निर्धारकलाई सम्बोधन गरिनेछ।**

६.१७.१. प्रदेश र स्थानीय तहमा स्वास्थ्यका वृहत् निर्धारकलाई सम्बोधन गर्न बहुक्षेत्रीय सहकार्य र समन्वयका लागि संयन्त्रको विकास र विस्तार गरिनेछ।

६.१७.२. सबै नीतिमा स्वास्थ्य (Health in All Policies) को अवधारणा अनुरूप सबै विषयगत क्षेत्र तथा सम्बन्धित नीतिमा स्वास्थ्यको अवधारणालाई समावेश गर्दै सोको कार्यान्वयन तथा अनुगमन गरिनेछ।

६.१७.३. स्वास्थ्यका वृहत् निर्धारकलाई सम्बोधन गर्न बहुक्षेत्रीय निकायसँग योजना तर्जुमा तथा कार्यान्वयनमा समन्वय र सहकार्य गरिनेछ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रमुख सचिव

६.१७.४. नागरिकको स्वास्थ्य प्रवर्द्धनका लागि प्रदेश स्तरीय स्वास्थ्य प्रवर्द्धन रणनीति निर्माण गरी कार्यान्वयन गरिनेछ।

६.१७.५. प्रदेश भित्र सञ्चालनमा रहेका र सञ्चालन हुन सक्ने विकास परियोजना, उद्योग, कलकारखाना र व्यापार व्यवसायले जनस्वास्थ्यमा पार्न सक्ने प्रभावको मूल्याङ्कन गरी सो को सम्बोधन गर्ने पद्धतिलाई प्रभावकारी बनाइनेछ।

६.१७.६. प्रतिजैविक प्रतिरोध र जनावरबाट सर्ने रोगहरू लगायतका उदीयमान र पुनः उदीयमान स्वास्थ्य समस्याहरूलाई सम्बोधन गर्नका लागि एक स्वास्थ्य पद्धति (One Health Approach) कार्यान्वयन गर्ने निर्देशिकाको निर्माण गरी कार्यान्वयन गरिनेछ। साथै सोही पद्धतिलाई पूर्णता दिनका लागि स्वास्थ्य सेवा प्रवाहसङ्ग सम्बन्धित नियमन, योजना निर्माण तथा व्यवस्थापकीय भूमिकामा फार्मेसी समूहका जनशक्तिको संलग्नता सुनिश्चित गरिनेछ।

६.१७.७. स्वास्थ्य मैत्री सडक पूर्वाधार तथा यातायात व्यवस्थापन गर्दै सडक दुर्घटना, चोटपटक र अपाङ्गता रोकथाम गर्न सम्बन्धित सरोकारवालासँग समन्वय र सहकार्य तथा विभिन्न कारणले अपाङ्गता भएका नागरिकको पुनर्स्थापनाको व्यवस्था गरिनेछ।

६.१७.८. विभिन्न निकायसँगको समन्वयमा बहुपक्षीय संयन्त्र मार्फत सडक तथा अन्य दुर्घटनाका कारक तत्वहरूको विश्लेषण गरिनेछ। यसका आधारमा जोखिम न्यूनीकरण, रोकथाम तथा व्यवस्थापनको कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।

६.१७.९. लागू औषध दुर्व्यसन, सुर्तिजन्य पदार्थ तथा मदिरा प्रयोगको रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गरिनेछ।

६.१७.१०. प्रदेश तथा स्थानीय तहमा मनोरञ्जनात्मक स्वास्थ्य प्रवर्द्धनात्मक क्रियाकलापका लागि सार्वजनिक पार्क, खेल मैदान, खुल्ला व्यायामशाला, योगस्थल तथा ध्यान केन्द्रहरूको विस्तारका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ।

६.१७.११. प्रदेश तथा स्थानीय तहमा लैङ्गिक हिंसाको रोकथाम र प्रतिकार्यसहित लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अवधारणा संस्थागत गराउन प्रदेश स्तरीय निर्देशिका निर्माण गरी कार्यान्वयन गरिनेछ।

६.१७.१२. स्वास्थ्य संस्था, विद्यालय, कार्यस्थल र अन्य सार्वजनिक माध्यमहरूमार्फत स्वास्थ्यका वृहत् निर्धारकलाई सम्बोधन गर्न स्वास्थ्य प्रवर्द्धनका क्रियाकलापहरू सञ्चालन गरिनेछ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रमुख सचिव

६.१७.१३. स्वस्थ स्थानीय तह, स्वस्थ टोल, स्वस्थ विद्यालय, स्वस्थ कार्यस्थल जस्ता स्वास्थ्य प्रवर्द्धनात्मक अभियानहरू सञ्चालन गरिनेछ।

**६.१८. कामदारहरूको पेशागत स्वास्थ्य सुरक्षाको सुनिश्चितता गरिनेछ।**

६.१८.१. प्रदेशको कार्यक्षेत्रभित्र विभिन्न कार्यस्थलमा काम गर्ने कामदारहरूको पेशागत स्वास्थ्य सुरक्षा सुनिश्चित गर्नका लागि प्रदेश स्तरीय मापदण्ड बनाई लागू गरिनेछ।

६.१८.२. विभिन्न उद्योग, कलकारखाना र व्यवसायमा संलग्न कामदारहरूको पेशागत स्वास्थ्य सुरक्षा तथा प्रवर्द्धनको व्यवस्था गरिनेछ।

६.१८.३. कामदारहरूको स्वास्थ्य बिमामा आबद्धता बढाउनका लागि आवश्यक सहजीकरण गरिनेछ।

६.१८.४. विभिन्न उद्योग, कलकारखाना र व्यवसायमा संलग्न कामदारहरूको लागि आवश्यक स्वास्थ्य सेवाको पहिचान तथा लक्षित स्वास्थ्य सेवाको प्याकेज कार्यान्वयन गर्नुका साथै स्वास्थ्य सेवाको नियमन गरिनेछ।

६.१८.५. विभिन्न निकायसँगको समन्वयमा श्रम ऐन तथा नियमावलीमा मा भएका स्वास्थ्य सम्बन्धी व्यवस्थाहरूको कार्यान्वयनका लागि आवश्यक सहजीकरण गरिनेछ।

**६.१९. स्वास्थ्य सेवामा विद्युतीकरण (Digitalization) र नवप्रवर्तक प्रविधिहरू (Innovative technologies) को विकास, विस्तार र नियमन गरिनेछ।**

६.१९.१. विद्युतीय माध्यमको प्रयोगद्वारा निरोधात्मक, प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक सेवा पहुँच अभिवृद्धि गर्न आवश्यक रणनीति र कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।

६.१९.२. स्वास्थ्य क्षेत्रमा टोल फ्री नं, जी.पी.एस., जी.आई.एस., ई हेल्थ लगायतका विद्युतीय माध्यमहरूको प्रयोग बढाइनेछ।

६.१९.३. स्थानीय तहसँगको समन्वय र सहकार्यमा पारिवारिक स्वास्थ्य प्रोफाइल तयार गर्ने कार्यलाई विस्तार र सशक्तिकरण गरिनेछ। स्वास्थ्य सेवा प्रवाहका क्रममा पारिवारिक स्वास्थ्य प्रोफाइलको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

६.१९.४. स्वास्थ्य सेवाको पहुँच र गुणस्तर अभिवृद्धि गर्ने नवीनतम उपाय तथा प्रविधिको खोजी तथा अनुसरण गरिनेछ।

६.१९.५. स्वास्थ्य समस्याहरूको निदान र व्यवस्थापनका लागि क्रमिक रूपमा कृत्रिम विद्वताको प्रयोगलाई बढाइनेछ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सचिव

प्रमुख सचिव

६.१९.६. प्रदेश मातहतका सबै अस्पताल र अन्य अस्पतालहरूमा समेत विद्युतीय स्वास्थ्य अभिलेख प्रणाली सँग एकीकृत गरी नागरिकको स्वास्थ्य प्रोफाइल तयार गरिनेछ।

**६.२०. प्रदेशमा स्वास्थ्य पर्यटनको विकास गर्न लगानी, समन्वय, र सहकार्य गरिनेछ।**

६.२०.१. प्रदेशमा स्वास्थ्य पर्यटनको सम्भावना, क्षेत्र र सेवा पहिचानका लागि कार्यदल गठन गरी विस्तृत अध्ययन गरिनेछ।

६.२०.२. प्रदेश भित्रका रणनीतिक स्थानहरूमा स्वदेशी र विदेशी सेवाग्राहीलाई लक्षित गरी निजी तथा गैह्र सरकारी क्षेत्रको सहकार्यमा विशिष्ट र विशेषज्ञ सेवा प्रदान गर्ने सुविधायुक्त अस्पताल, प्रजनन स्वास्थ्य सेवा केन्द्रहरू, आँखा स्वास्थ्य, प्राकृतिक चिकित्सा, ध्यान तथा योग केन्द्रहरू स्थापना र सञ्चालन गरिनेछ।

६.२०.३. प्रदेशमा विशेषज्ञ र विशिष्टीकृत सेवा प्रदान गरिरहेका अस्पतालहरू र मेडिकल कलेजको सेवालाई थप सुदृढ गर्न आर्थिक साझेदारी गर्दै स्वास्थ्य पर्यटनलाई टेवा पुऱ्याइनेछ।

६.२०.४. स्वास्थ्य पर्यटन प्रवर्द्धनबाट प्राप्त आम्दानीको हिस्सा नागरिक स्वास्थ्य सहायता कोषमार्फत परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

**६.२१. प्रदेशमा सञ्चालन हुने सम्पूर्ण तालिमहरूलाई प्रदेश स्वास्थ्य तालिम केन्द्र मार्फत सञ्चालन गरी स्वास्थ्य तालिम केन्द्रलाई तालिम हबको रूपमा विकास गरिनेछ।**

६.२१.१. एकीकृत रूपमा तालिम सञ्चालन गर्नका लागि विस्तृत योजना तयार गरी तालिम केन्द्रको दरबन्दी संरचनालाई पुनर्विचार गर्दै सीप मिश्रित पर्याप्त मानव संसाधनको व्यवस्थापन, वित्तीय व्यवस्थापन तथा हाल उपलब्ध भौतिक संरचनाको अधिकतम उपयोग गरिनेछ।

६.२१.२. तालिम आवश्यकता पहिचान, पाठ्यक्रम तथा स्रोतको विकास, पेशागत सहभागिता, सार्वजनिक नेतृत्व र प्रभावकारी व्यवस्थापन सहितको तालिम प्रणाली, गुणस्तरीय तालिम व्यवस्थापन र विस्तार, सहकार्य, समन्वय र साझेदारी सञ्जालको विकास र विस्तार, तालिमको प्रत्यायन, नियमन, अनुसन्धान, तालिमको अनुगमन, समीक्षा तथा सूचना व्यवस्थापन जस्ता विषयहरूलाई सम्बोधन गर्न प्रदेश स्वास्थ्य तालिम रणनीति तयार गरिनेछ।

६.२१.३. प्रदेश स्थित स्वास्थ्य मानव संसाधनको पेशागत वृत्ति विकासका लागि स्वास्थ्य तालिम केन्द्र बाट प्रदान हुने तालिमहरू सेवा-प्रवेश र तह वृद्धिसँग

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय



प्रदेश सचिव

आबद्ध गर्ने पद्धतिलाई विकास गरी प्रदेश लोकसेवा आयोगको सहकार्यमा यस पद्धतिलाई संस्थागत गर्न आवश्यक पहल गरिनेछ।

६.२१.४. प्रदेशमा भएका विशेषज्ञ सेवा प्रदायक अस्पताल, शिक्षण अस्पताल, प्रतिष्ठान, लगायतलाई मानसिक स्वास्थ्य, प्रजनन स्वास्थ्य, नसर्ने रोग, बाल स्वास्थ्य, आदि विषयका Dedicated तालिम साइटको रूपमा सुदृढीकरण गर्दै क्रमशः नयाँ तालिम साइटहरू स्थापना गरिनेछ।

६.२१.५ तालिम लिइसके पश्चात् सोको दर्ता एकीकृत रूपमा विद्युतीय पद्धतिबाट डिजिटल अभिलेख राख्नका लागि एकद्वार प्रणालीको व्यवस्था मिलाइनेछ।

## ७. संस्थागत व्यवस्था

(क) राज्यको पुनःसंरचनालाइ मध्यनजर गर्दै संविधानले निर्दिष्ट गरे अनुसार प्रदेश तथा स्थानीय तहमा स्वास्थ्यसँग सम्बन्धित सबै संस्था र संरचनाहरूको पुनरावलोकन, सुधार तथा संशोधन गरी लागू गरिनेछ।

(ख) यस स्वास्थ्य नीतिको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहको क्षेत्राधिकार भित्र रहेका विभिन्न कार्यहरूको सञ्चालन र सेवा प्रवाहका लागि थप नियमनको व्यवस्था गर्दै प्रदेश देखि स्थानीय तह सम्म आवश्यकता अनुसार वैज्ञानिक ढंगले संरचनागत सुधार र कर्मचारीको व्यवस्थापन गरिनेछ।

(ग) संघीय सरकारसँगको समन्वयमा विशेषज्ञ स्वास्थ्य जनशक्तिको अभावलाई प्रभावकारी रूपमा व्यवस्थापन गरिनेछ।

(घ) स्वास्थ्य क्षेत्रका विद्यमान विभिन्न विषयगत नीतिहरूलाई आवश्यकता अनुसार यसै नीति अन्तर्गत विषयगत विस्तृत रणनीतिको रूपमा विकास गरिनेछ ।

(ङ) स्वास्थ्य सेवा विस्तार, सबलीकरण, समन्वय र सहकार्यका लागि प्रदेश स्वास्थ्य समिति एवं प्रदेश र स्थानीय तह सम्मिलित विशेष संयन्त्र निर्माण गरिनेछ।

## ८. वित्तीय स्रोत

यस नीति कार्यान्वयनका लागि स्वास्थ्य क्षेत्रमा प्रदेश सरकारबाट विनियोजन हुने वार्षिक बजेटको अंश क्रमिक रूपमा वृद्धि गर्दै लगिनेछ साथै वार्षिक बजेट र कार्यक्रमको अधीनमा रही तथ्य परक, वैज्ञानिक र लागत प्रभावी स्वास्थ्य कार्यक्रमहरू तय गरिनेछ। नीति कार्यान्वयनका लागि अन्य मुख्य वित्तीय स्रोत देहायबमोजिम हुनेछन्:

(क) संघ र स्थानीय तहबाट विनियोजित सरकारी स्रोत

(ख) निजी र राष्ट्रिय गैह्र सरकारी क्षेत्रबाट गरिने लगानी

(ग) संयुक्त राष्ट्र संघीय निकाय बाट उपलब्ध स्रोत

(घ) विकास साझेदार तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाबाट उपलब्ध स्रोत

प्रमुख सचिव

## ९. अनुगमन तथा मूल्याङ्कन

(क) यस प्रदेश भित्र सञ्चालन गरिने स्वास्थ्य कार्यक्रमहरूको नियमित र प्रभावकारी रूपमा अनुगमन तथा नियमन गर्न आवश्यक संयन्त्रको विकास गरी कार्यान्वयन गरिनेछ ।

(ख) स्वास्थ्य सूचना प्रणालीलाई समयानुरूप प्रविधिमैत्री बनाई अनुगमन तथा मूल्याङ्कन प्रणालीलाइ थप सहज र सुदृढ बनाईनेछ।

(ग) नीति कार्यान्वयनको अवस्थाको मूल्याङ्कनका लागि मुख्य सूचकहरूको निर्धारण गरिनेछ र सूचकहरूको प्रगतिको नियमित रूपमा मूल्याङ्कन गरिनेछ।

## १०. जोखिम

(क) संघीय संरचनामा स्वास्थ्यका पूर्वाधारको विकास, सङ्गठनात्मक विकेन्द्रीकरण तथा परिमार्जन र जनशक्ति व्यवस्थापनमा हुन सक्ने जटिलताले स्वास्थ्य सेवा प्रभावित हुने सम्भावना छ।

(ख) विभिन्न महामारी, प्राकृतिक प्रकोप लगायतका कारणले यस नीति कार्यान्वयनमा कठिनाई हुने सम्भावना रहेको छ।

## ११. नीति संशोधन र परिमार्जन

यस प्रादेशिक स्वास्थ्य नीतिको प्रभावकारी कार्यान्वयनका लागि विस्तृत कार्ययोजना बनाई लागू गरिनेछ। यो नीतिको कार्यान्वयनको अवस्थाको मूल्याङ्कन गरी आवश्यकता अनुसार समय समयमा संशोधन वा परिमार्जन गरिनेछ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सरकार
कोशी प्रदेश
विराटनगर, नेपाल

प्रदेश सचिव